मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

श्रीअन्तु प्रकाशन (प्रा.)लि.

पूर्वाञ्चल

Purwanchal National Daily

चन्दा असुली गर्दै हिंड्ने दुई जना पक्राउ

काठमाडौं, जेठ २। काठमाडौंका विभिन्न विद्यालय, कलेज, कम्पनी, व्यापारी, उद्योग, कलकारखाना, वैक्वेट लगायतबाट अवैध रूपमा चन्दा असुली गरेको अभियोगमा दुई जनालाई काठमाडौं लैनचौरबाट प्रहरीले पक्राउ गरेको छ ।

पक्राउ पर्नेहरूमा बैतडी बैतडी नगरपालिका-३ घर भई ललितपुर चाँगाथली बस्ने ४२ वर्षीय अमृत कार्की र सल्यान वागचौर नगरपालिका-६ घर भई काठमाडौं जोरपाटी बस्ने ३२ वर्षीय डीबी चन्द भन्ने धनबहादुर

(बाँकी अन्तिम पृष्ठमा)

◆ वर्ष : २८ ◆ अङ्क : १७८ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०८० जेठ ३ गते बुधवार (Wednesday, May 17. 2023) नेपाल सम्वत् ११४२ Web : www.purwanchaldaily.com ◆ मूल्य रु : ५/- भारतमा भारु. : ४/-

भद्रपुर भन्सारका प्रभावितको मुआब्जा

आयो १० करोड, ५० करोड बाँकी

पार्थ मण्डल

झापा, जेठ २। सरकारले भद्रपुर भन्सार कार्यालयले अधिग्रहण गर्न लागेको जग्गाको क्षतिपूर्ति बापतको मुआब्जा रकम ३३ महिनापछि पठाएको छ ।

६० करोड १३ लाख ८२ हजार ४०३ रुपैयाँ वितरण गर्नुपर्ने मुआब्जा रकममध्ये सरकारले पहिलो चरणमा १० करोड रकम भन्सारको खातामा पठाएको भन्सार प्रमुख अमित तिवारीले जनाकारी दिए ।

सोमबार बेलुका मात्रै भन्सारको खातामा रकम निकासा भएर आएको हो, अब छिट्टै सीडीओ साबको नेतृत्वमा सर्वपक्षीय बैठक बसेर रकम वितरण प्रक्रियालाई अघि बढाउँछौं- भन्सार प्रमुख तिवारीले भने- '६० करोडमध्ये १० करोड मात्र रकम आएकोले डुबान क्षेत्रमा बसोवास गर्ने, घर टहरा भएका परिवारलाई पहिलो प्राथमिकतामा राखेर रकम वितरण गर्नुपर्छ ।'

पुग्ने जति परिवारलाई १० करोड बाँडेपछि बाँकीलाई क्रमशः वितरण गर्दै जाने भन्सारको योजना छ । भन्सार विभागले बाँकी ५० करोड रकम आफ्नो बजेटमा राखिसकेको छ । बजेट भाषणपछि सो रकम विनियोजन हुन्छ । त्यसपछि साउनमा मुआब्जाको थप रकम आएपछि अन्य जग्गाधनीलाई पनि वितरण गर्ने भन्सार प्रमुख तिवारीले बताए । जग्गा अधिग्रहण मूल्यांकन उपसमितिले स्थानीयको करिब ९ विगाहा जग्गा अधिग्रहण गर्ने निर्णय गर्दै १०४ जनाको घर टहरासहितको जग्गा २०७७ साल साउन २७ गते सूचना प्रकाशन गर्दै भूमिसुधार तथा मालपोत कार्यालयमा रोक्का राखेको थियो ।

अधिग्रहण गर्न लागेको स्थानीयको नम्बरी जग्गा मालपोतमा रोक्का राख्दा समेत भन्सारले समयमा क्षतिपूर्ति बापतको मुआब्जा रकम वितरण नगरेको भन्दै पीडितहरूले कर्यौंपटक भन्सार कार्यालय घेराउदेखि धर्ना, तालाबन्दी गर्दै सडक समेत बन्द

(बाँकी अन्तिम पृष्ठमा)

बुद्धशान्तिका वेपत्ता शेरबहादुर कहाँ छन् ?

झापा, जेठ २। झापाको बुद्धशान्ति निवासी शेरबहादुर सुहाङ वेपत्ता बनेका छन् । उनी तीन दिनदेखि वेपत्ता भएका हुन् ।

भ्रष्टाचारका विषयमा सामाजिक सञ्जालमा लेखेका उनी वैशाख ३१ गते रातिदेखि बेपत्ता छन् । बुद्धशान्ति गाउँपालिका-४ निवासी ३३ वर्षीय उनी वेपत्ता भएपछि उनका बुवा खम्बबहादुरले छोराको खोजी गरिदिन इलाका प्रहरी कार्यालय धुलाबारीमा निवेदन दिएका छन् ।

बुद्धशान्ति गाउँपालिकाको बुधबारेमा नेपाल विद्यार्थी संघ र तरुण दलले भ्रष्टाचारको विरोधमा च्याली निकालेको थियो । सोही च्यालीको समर्थनमा उनले फेसबुकमा स्टाट्स लेखेका थिए । स्टाट्स लेखेको विरोधमा वैशाख ३१ गते राति ८-९ जनाको समूह हत्या गर्ने धम्कीसहित उनको घर पुगेको थियो ।

स्थानीय दिलकुमार लावाङ (करण), नवराज लिम्बू, शुक्रराज लिम्बू र सुमन लिम्बूसहित ८-९ जनाको टोलीले राति साढे ११ बजे उनको घर घेरेर ढुंगामुढा गरेको बाबु खम्बबहादुरले बताए । खम्बबहादुरलाई 'छोरा निकाल मार्छु' भन्दै ८-९ जनाको समूहले धम्की दिएको बताइएको छ ।

आफ्नो घर घेराउ हुँदा शेरबहादुर भने साथी कुलबहादुर गौतमसँग बाहिर थिए । खोजी गर्दै घरमा पुगेको टोलीले उनलाई नभेटेपछि घर तोडफोड गरी फर्किएको खम्बबहादुरले प्रहरीलाई दिएको निवेदनमा उल्लेख गरेका छन् । सोही रातिदेखि बेपत्ता भएका सुहाङ अझै भेटिएका छैनन् । उनले प्रयोग गर्ने मोटरसाइकल घरदेखि केही पर खानीगौडा झोलुङ्गे पुलमा चाबीसहित बेवारिसे अवस्थामा भेटिएको छ । प्रहरीले बाइक भेटिएको स्थान नजिकै उनले लगाएको टि-सर्ट र घडी पनि भेटेको छ ।

प्रहरीले आक्रमणका लागि उनको घरमा पुगेको समूह र राति उनीसँग गएका गौतमसँग सोधपुछ गरिरहेको छ । मोटरसाइकल, घडी र लगाएको कपडा भेटेका कारण आक्रमण गरी उनलाई बेपत्ता पारेको हुनसक्ने आशंकामा खोजी तीव्र बनाइएको प्रहरीले जनाएको छ ।

यसैबीच जिल्ला प्रहरी कार्यालय झापाका प्रहरी उपरीक्षक दुर्गाराज रेग्मीले बेपत्ता भएका व्यक्तिको खोजी भइरहेको बताएका छन् । प्रहरीको टोली शेरबहादुरको खोजीमा जुटेको बताउँदै उनले भने- 'शंकास्पद व्यक्तिलाई ल्याएर अनुसन्धान गरिरहेका छौं ।'

रेशम चौधरीको जन्मकैद फैसला सदर

झापा, जेठ २। सर्वोच्च अदालतले टीकापुर हत्याकाण्डमा जन्मकैदको सजाय भोगिरहेका रेशम चौधरीलाई उच्च अदालत दिपायलकै फैसला सदर गर्दै दोषी ठहर गरेको छ ।

न्यायाधीशद्वय डा. आनन्दमोहन भट्टराई र नहकुल सुवेदीको संयुक्त इजलासले मंगलवार दोषी ठहर हुने फैसला गरेको हो । जन्मकैदको फैसलाविरुद्ध चौधरीले सर्वोच्च अदालतमा पुनरावेदन दिएका थिए । उक्त पुनरावेदनमाथि सुनुवाइपछि सफाइ दिन नपर्ने फैसला उल्लेख गर्दै उक्त आदेश गरेको हो ।

(बाँकी अन्तिम पृष्ठमा)

रेल योजना कार्यालयमा तालाबन्दी

दमक, जेठ २। नेकपा माओवादी निकट योङ कम्युनिष्ट लिग (वाइसीएल) ले दमकमा रहेको रेल विभागको रेल योजना कार्यालयमा तालाबन्दी गरेको छ ।

वाइसीएल दमक नगर कमिटीका अध्यक्ष जोन बुढाथोकी नेतृत्वमा मंगलवार कार्यालय पुगेको एक टोलीले दमक-७ मा रहेको रेल कार्यालयमा तालाबन्दी गरेको हो ।

रेल योजना सञ्चालन गर्ने नाममा कर्मचारी पोस्ने मात्र भएको तथा सेटिङमा कमाउ धन्दा मात्र गरिआएकाले ती कार्यालय जनताको पक्षमा नभएको भन्दै बाध्य भएर तालबन्दी गर्नुपरेको वाइसीएल नेपालका केन्द्रीय सदस्य निशान मगरले बताए ।

यसअघि दमकमा वाइसीएल नेपालले आयोजना गरेको भ्रष्टाचार विरोधी अभियानका क्रममा वाइसीएल नेपालका केन्द्रीय सचिव तथा प्रदेश इञ्चार्ज डम्बर पुलामी कर्माले एकहप्ताभित्र कार्यालय बन्द गर्न अल्टिमेटम दिएका थिए । अल्टिमेटमको दुईदिन नबित्दै रेल योजना कार्यालयमा तालाबन्दी भएको हो ।

बीमा रकम पाएपछि पशुपालक कृषक खुशी

कनकाई, जेठ २। झापा कनकाई नगरपालिकाका पशुपालक कृषक पशु बीमावापतको रकम पाएपछि खुशी भएका छन् ।

पशु बीमा गराएका कृषकले पशुको मृत्यु भएपछि बीमावापतको रकम प्राप्त गरेका हुन् ।

कनकाई-८का प्रेम कार्कीले रु. १२ हजारको बाखाको बीमा गरेकामा रु. १० हजार आठ सय पाएको बताए । पशु बीमा नगरेको भए घाटा लाग्थ्यो होला, बीमा गरेकाले घाटा लागेन, बीमा रकम पाएकोमा खुशी लागेको छ- उनले भने- मैले सबै गाईवस्तुको बीमा गराएको छु ।

त्यस्तै अर्का कृषक दीपककुमार पाण्डेले बाखापाठाको रु. १३ हजारको बीमा गराएकोमा बीमावापतको रकम पाएका छन् । उनले अन्य कृषकले पनि सरकारले ल्याएको पशु बीमा कार्यक्रममा सहभागी हुनुपर्नेमा जोड दिए । कनकाईमा कनकाई नगरपालिकाको आर्थिक सहयोग, हेफर प्रोजेक्ट नेपालको प्राविधिक सहयोग र

(बाँकी अन्तिम पृष्ठमा)

५१ करोडमा ६.२ कीमी सडक स्तरोन्नति

बुट्टावारी-प्याकुरेल चौक सडकखण्डको शिलान्यास

झापा, जेठ २। बिर्तामोड नगरपालिकाको 'नगर गौरव'को आयोजनाका रुपमा रहेको बुट्टावारी-प्याकुरेल चौक सडकखण्डको स्तरोन्नतिको शिलान्यास भएको छ ।

बुट्टावारीमा आयोजित समारोहकाबीच ६ दशमलव २ किलोमिटर लम्बाइ रहेको सडकको शिलान्यास भएको हो । बिर्तामोड नगरपालिका प्रमुख पवित्रादेवी महतारा प्रसाईले सडक शिलान्यास गर्दै सो सडक नगर गौरवको आयोजनाका रुपमा रहेको बताइन् । विश्व बैंकको ५१ करोड २९ लाख ६१ हजार ३७२ रुपैयाँको लागतमा निर्माण हुने सो सडक दुई वर्षभित्र सम्पन्न गर्ने सम्झौता भएको बिर्तामोड नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत विनोदकुमार न्यौपानेले जानकारी दिए ।

१२ मिटर चौडाइ रहेको सो सडकलाई सात मिटरमा 'ब्ल्याक टप' गरिने बताइएको छ । सडकको दाँया बाँया ड्रेन निर्माण गरिने छ भने सडकको दुवैतर्फ सडक बत्ती, गार्डेन, फुटपाथ रहने छ । सडक निर्माणका लागि आरपी-स्याप-समता जेभीले ठेक्का पाएका हुन् भने परामर्श दाताका रुपमा डीभी-मल्टी-शिल्ट-उदय-गंगा-रिदाग-आरसी जेभी रहेका छन् । सडकले बिर्तामोड ६, ७ र ८ नम्बर वडालाई सदरमुकाम चन्द्रगढी जाने मूल सडकमा जोड्ने छ । निर्माण हुने सडकका विषयमा नगरपालिकाका इञ्जिनियर नरेन्द्र श्रेष्ठले प्रकाश पारेका थिए ।

बिर्तामोड-६का वडाध्यक्ष सूर्य कन्दङ्वाको अध्यक्षतामा भएको कार्यक्रममा बिर्तामोड नगरपालिकाका निर्वतमान नगरप्रमुख ध्रुवकुमार शिवाकाटी, नेकपा एमालेका बिर्तामोड नगरप्रमुख सुवास भट्टराई, राप्रपाका जिल्ला उपाध्यक्ष ध्रुव उप्रेती, नेकपा माओवादीका जेवी जवेगू लगायतले शुभकामना मन्तव्य राखेका थिए ।

बिर्तामोड नगरपालिकाका उपप्रमुख नगेन्द्रप्रसाद संग्रौलाले स्वागत गरेको कार्यक्रमको सञ्चालन नगरपालिकाका योजना अधिकृत जय तिम्सिनाले गरेका थिए ।

बिर्तामोड साना शहरी खानेपानी तथा सरसफाई उपभोक्ता संस्था
बिर्तामोड, झापा
निर्वाचन समितिको कार्यालय (२०८०)

निर्वाचन कार्यक्रम सम्बन्धी सूचना

बिर्तामोड साना शहरी खानेपानी तथा सरसफाई उपभोक्ता संस्थाको विधान २०५१ (संसोधित २०७१) को दफा ६.१.१ (क) बमोजिम कार्यसमिति गठनका लागि अध्यक्ष -१, उपाध्यक्ष-१, सचिव- १, कोषाध्यक्ष - १ र सदस्य -५ (सदस्य पद संख्या ५ मध्ये विधानको दफा ६.१ बमोजिम ३ पदमा महिला अनिवार्य) गरी जम्मा पद संख्या ९ (नौ) मा मिति २०८०।०२।१५ गते सम्पन्न हुने निर्वाचनका लागि देहाय बमोजिमको निर्वाचन कार्यक्रम उपभोक्ता/ सदस्यहरुको जानकारीका लागि प्रकाशित र प्रशारित गरिएको छ ।

निर्वाचन कार्यक्रम

१) **प्रथम मतदाता नामावली प्रकाशन :-** २०८०/०२/०५ विहान ११:०० बजे
२) **प्रकाशित मतदाता नामावलीमा दावी विरोध :-** २०८०/०२/०६ गते दिउँसो ३:०० बजेसम्म
३) **अन्तिम मतदाता नामावली प्रकाशन :-** २०८०/०२/०६ गते बेलुकी ५ बजे
४) **उम्मेदवारी दर्ता :-** २०८०।०२।०७ गते विहान ११:०० बजेदेखि ३:०० बजेसम्म
५) **उम्मेदवारको प्रथम नामावली प्रकाशन :-** २०८०/०२/०७ गते दिउँसो ४:०० बजे
६) **उम्मेदवारको नामावली माथि दावी विरोध :-** २०८०/०२/०८ गते दिउँसो ३:०० बजेसम्म
७) **उम्मेदवारको दोस्रो नामावली प्रकाशन :-** २०८०/०२/०८ गते बेलुकी ४:०० बजे
८) **उम्मेदवारले नाम फिर्ता लिने :** २०८०।०२।०९ गते दिउसो २:०० बजेसम्म
९) **उम्मेदवारको अन्तिम नामावली प्रकाशन :-** २०८०/०२/०९ गते दिउँसो ३:०० बजे
१०) **मतदान :-** २०८०।०२।१५ गते विहान ८:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म
११) **मतगणना :-** मतदान सम्पन्न भए पश्चात (सहमतिबाट निर्णय गर्ने)
१२) **घोषणा :-** मतगणना सम्पन्न भए पश्चात
१३) **विजयी उम्मेदवारलाई प्रमाण पत्र प्रदान :-** घोषणा भए पश्चात

मितिः २०८०।०२।०२ **निर्वाचन अधिकृत**

फल्याट भाडामा

झापाको सुरुङ्गास्थित पूर्व बसस्टेण्ड महेन्द्र हाइवेसँगै जोडिएको सिद्धार्थ बैंक बसेको कामक्ष भवनको ग्राउण्ड फ्लोरमा २ कोठा साथै दोस्रो र तेस्रो तला होटल, हस्पिटल साथै अन्य व्यावसायिक प्रयोजनका लागि अति उपयुक्त फ्ल्याटहरु भाडामा छ । भाडामा लिन चाहनेले तु-सम्पर्क गर्नुहोला ।

सम्पर्क :
९८५१०१३५८८,
९८०८७३०४९७

VACANCY ANNOUNCEMENT

Newton's Education Academy Announces Teachers'Vacancy for the following post:

S.No.	Subject	Level	Qualification	Experience
1	Mathematics	Lower Secondary	B.Sc.	2 Years

1. Nepalese citizens with fluency in English language is a must.
2. Good computer operating knowledge is preferable.
3. Experienced ones are encouraged to apply.
4. Last date of submission of the testimonials along with a application 3rd Jestha 2080.

Note: Applicant's also can apply via email address given below.

Newton's Education Academy
Birtamode-05, Jhapa (Phone No. 023-540196, 9842623904)
Email: newtonschool102@gmail.com

जंगली हात्ती आतंक सामुदायिक वन क्षेत्रको चुनौति

मेचीनगर, जेठ २। सामुदायिक वन क्षेत्रको सवैभन्दा ठूलो चुनौति जंगली हात्ती आतंक रहेको छ।

सामुदायिक वन उपभोक्ता महासंघ मेचीनगर, नगर महासंघका अनुसार सातवटा चुनौतिमध्ये जंगली हात्तीको आतंक पहिलो स्थानमा रहेको छ। मेचीनगर महासंघमा १३ वटा सामुदायिक वनहरु आवद्ध र क्रियाशील रहेका छन्। १३ वटामध्ये बाँसबारी र महिला सृजना सामुदायिक वन दुईवटा मात्र महिलाको नेतृत्वमा छ। यी नगरभित्र रहेका वनले कूल २ हजार ३२.१७ प्रतिशत हेक्टर वन क्षेत्रफल ओगटेको छ।

महासंघमा आवद्ध सामुदायिक वनहरुले नगरक्षेत्रभित्र पर्यापर्यटनमा निक्कै ठूलो योगदान गरे पनि वन नीति (हुभर फर्मुला अहिलेको नयाँ काठ मापन विधि), वन डढेलो, चोरी निकासी तथा तस्करी, जलवायु परिवर्तनका असरहरु, वन्यजन्तुले क्षति पुर्‍याएका बालीनालीमा दिने राहतमा ढिलासुस्ती, सामुदायिक वनमा चुरे क्षेत्रबाट दुङ्गा, गिटी वालुवाको दोहन नगरमा रहेका सामुदायिक वनको क्षेत्रमा देखिएका मुख्यः चुनौति रहेको मेचीनगर महासंघ अध्यक्ष जानुका न्यौपाने ओलीले जानकारी दिइन्।

मेचीनगरमा रहेका कालिका सामुदायिक वनको कालिका सिमसार, बाँसबारी सामुदायिक वनको बाँसबारी सिमसार, मागुरमाडी सामुदायिक वनको मागुरमाडी सिमसार, खुट्टीडाँगी सामुदायिक वनको खुट्टीडाँगी सिमसार, हातेमालो सामुदायिक वनको निचाफोडा सिमसार, प्रगति सामुदायिक वनको कालीखोला सिमसारले पर्या–पर्यटनमा निक्कै ठूलो भूमिका खेलेको अध्यक्ष ओलीको भनाइ छ। सिमसार बाहेक पर्यापर्यटनमा थोप्लेबिरान सामुदायिक वन र तेलपानीको सामुदायिक वन बृन्दावनकारुपमा अगाडि बढिरहेको उनको भनाइ छ।

सामुदायिक वनमा लगाइएको तेहेरो कर फिर्ता हुनु, पान नम्बर सहज रुपमा प्राप्त गर्नु, दिगो वन व्यवस्थापनको कार्यक्रम अघि बढ्नु, जलवायु परिवर्तनको असरलाई न्यूनीकरण गर्न अनुकूलनका योजनाहरु तयार गर्नु, सामुदायिक वनहरु पर्यापर्यटन उद्यममा अगाडि बढ्नु, वन क्षेत्रभित्र वन्यजन्तुका लागि खाद्य आहार, बाँस, केरा रोपण, र पिउने पानीको निम्ति पोखरीहरुको संरक्षण गर्नु, वनक्षेत्रमा डीपीआर तयार गरेर सोलार फेन्सिङमार्फत जंगली हात्तीको क्षति रोकथामको निम्ति ७५ किलो मिटर डीपीआर भएकोमा मेचीनगरको बाँसबारी, मागुरमाडी बिट नम्बर १ र २, थोप्ले बिरान सामुदायिक वनक्षेत्रमा फेन्सिङ्ग गरी गाउँ क्षेत्रमा हात्ती प्रवेशमा रोक लगाउनुलाई महासंघ मेचीनगरले निक्कै ठूलो उपलब्धिका रुपमा लिएको छ। तर, मेचीनगरका धेरै सामुदायिक वन श्रोतविहीन भएकाले सञ्चालनमा समस्या आउने गरेको छ।

भीमसेन कृष्णथुम्की, महिला सृजना, दूधेचौरी र खुट्टीडाँगी सामुदायिक वन श्रोतविहीन रहेका छन्। त्यसमा पनि खुट्टीडाँगी सामुदायिक वन उपभोक्ता समूह शहरको टुक्रे वनको रुपमा रहेपनि पर्यापर्यटनका क्षेत्रमा महत्वपूर्ण भूमिका निर्वाह गरेको अध्यक्ष ओलीको भनाइ छ। सो वनको वार्षिक कटान क्षमता २ सय ५१ क्यूफिट मात्र रहेको र उपभोक्ता भने ३ सय ५० जना रहेका छन्। सो सामुदायिक वनलाई श्रोत भएका समूहहरुले वन पैदावारमा सहयोग गरेर वनको व्यवस्थापनमा टेवा पुग्ने उनी बताउँछिन्।

हात्ती धपाउन साइरन गन र टर्च लाइट

झापा, जेठ २। अर्जुनधारा नगरपालिकाका हात्ती प्रभावित क्षेत्रमा रहेका स्थानीयलाई सहयोग पुर्‍याउने उद्देश्यले हात्ती धपाउन प्रयोग गरिने साइरन गन १० थान र १० थान टर्च लाइट प्रदान गरिएको छ।

अर्जुनधारा नगरपालिकाले वडा नम्बर १, २, ३ र ४ लाई दुई/दुई वटा र ८ तथा ११ नम्बर वडालाई १/१ वटा साइरन गन प्रदान गरेको हो। त्यस्तै उज्यालो नेपाल बर्दियाले ग्रिन जेनेरेसन मेचीनगर-४ झापाको संयोजनमा अर्जुनधारा नगरपालिकामा हात्ती धपाउन प्रयोग गरिने टर्च लाइट वितरण गरेको हो। योसँगै वृद्धशान्ति गाउँपालिका, शिवसताक्षी नगरपालिका र बाह्रदशी गाउँपालिकालाई समेत हात्ती धपाउन प्रयोग गरिने टर्च लाइट वितरण गर्न लागेको बताइएको छ।

अर्जुनधारा नगरपालिकामा मंगलवार आयोजित कार्यक्रमकाबीच उक्त सामग्री प्रदान गरिएको मेचीनगर-४ का वडाध्यक्ष अर्जुन कार्कीले जानकारी दिए। अर्जुनधारा नगरपालिकाका नगर प्रमुख बलदेवसिंह गोम्देन तामाङले सम्बन्धित वडाका हात्ती प्रभावितलाई सो सामग्री हस्तान्तरण गरेका थिए।

यता उज्यालो नेपालको हात्ती नियन्त्रण अभियान अन्तर्गत ग्रिन जेनेरेसन झापाले १० वटा टर्च नगरपालिकालाई हस्तान्तरण गरेको छ। सोही कार्यक्रमकाबीच संरक्षण अभियान वर्दियाका पूर्व वार्डेन रमेशकुमार थापाले हात्ती प्रभावित क्षेत्रका विषयमा जानकारी गराएका थिए।

कार्यक्रममा उज्यालो नेपाल बर्दियाका अध्यक्ष नवराज न्यौपाने, फिल्ड इञ्चार्ज बन्यजन्तु संरक्षणका शंकर लुइँटेल, ग्रिन जेनेरेशनका सचिव मञ्जिल देवान, द्रुत उद्धार दल मेचीनगर-४का विश्वास विश्वकर्मा, मेचीनगर ४का वडाध्यक्ष कार्की लगायतको उपस्थिति रहेको थियो।

नेपालमा तराईका २४ जिल्लामा हात्ती पाइने गरेको बताइएको छ। नेपालमा पाइने हात्ती एशियन प्रजातिका रहेको बताइएको छ। झापा, मोरङ र सुनसरीमा गरी जम्मा एक सय ५० भन्दा बढी हात्ती बस्दै आएको कार्यक्रममा जानकारी दिइयो।

बैशाखमा ८ फिल्म, ‘जारी’ बाहेक सबै डुबानमा

नेपाली फिल्मका लागि २०७९ साल तुलनात्मक रुपमा राम्रो रह्यो। आधा दर्जन बढी फिल्म व्यावसायिक रुपमा सफल भए।

२०८० सालको सुरुवात पनि सम्झनलायक नै बनेको छ। बैशाख १ गते आएको फिल्म ‘जारी’ले घरेलू बक्सअफिसमा ठूलो अंक जोडेको छ। पाँचौं हप्तामा प्रदर्शनरत फिल्मले १६ करोड ग्रस कलेक्सन गरिसकेको छ। फिल्मले प्रदर्शनको ५१औं दिन मनाउने देखिन्छ।

‘जारी’सहित वैशाखमा ८ वटा नेपाली फिल्म प्रदर्शन भए। तर, ‘जारी’बाहेक कुनैले लगानीको एक हिस्सा पनि कमाउन सकेनन्। ‘जारी’ सँगसँगै प्रदर्शनमा आएको ‘बुलाकी’ डिजास्टर हुँदा ‘बिहे पास’ले पोस्टर छपाईको पैसा मुश्किलले उठाउन सक्यो। त्यसपछि बैशाख १५ मा प्रदर्शन भएका तीन फिल्म ‘प्रसाद २’, ‘कैदीको पत्र’ र ‘नाइँ नभन्नू ल ६’ पनि घरेलू बक्सअफिसमा दुर्घटनाग्रस्त भए।

‘प्रसाद २’ र ‘नाइँ नभन्नू ल ६’को असफलताले फिल्मकर्मीलाई ठूलो पाठ सिकाएको छ। दुवै हिट फिल्मको सिक्वेल र सिरिज थिए। ब्रान्ड बिक्छ भन्ने भ्रममा बाँचेका फिल्मकर्मीलाई अब गम्भीर आत्मसमीक्षा गर्नुपर्ने बनाएको छ। ‘प्रसाद २’ले ७५ लाख कटाएको छ। ‘नाइँ नभन्नू ल ६’को कमाई त ३० लाख पनि छैन। ब्रान्ड भन्दैमा अब दर्शकले विश्वास गर्दैनन् भन्ने यो ज्वलन्त उदाहरण हो।

भदौ २१ गते प्रदर्शन भएको फिल्म ‘ज्याकी: आई एम ट्वान्टी वान’को अवस्था पनि त्यस्तै विजोगपूर्ण छ। रिलिजको नियम नै मिचेर बिहीबारबाटै प्रदर्शन भएको फिल्मले दर्शकको मन जित्न सकेन। अहिले फिल्म बक्सअफिसमा पानी बिनाको माछाझैं छटपटिएको छ। फिल्मको नेट कमाई ४४ लाख छ। लगानीको हिसाबले बैशाखमा प्रदर्शित फिल्महरुमध्ये यो सबैभन्दा ठूलो ‘डिजास्टर’ हो।

यही शुक्रबारबाट प्रदर्शित फिल्म ‘हल्कारा’ पनि हलमा दर्शक आकर्षित गर्न चुकेको छ। चलचित्र विकास बोर्डको तथ्यांकअनुसार फिल्मले तीन दिनमा २ लाख ९८ हजार नेट कमाएको छ। यो निकै कमजोर कमाई हो। यसरी हेर्दा बैशाखमा रिलिज भएका आठ फिल्ममध्ये ‘जारी’ मात्र सफल भएको छ। बाँकी ७ फिल्ममा भएको १० करोडमाथिको लगानी ‘बालुवामा पानी’ जस्तै भएको छ।

साम्राज्ञीको साडी मोह

तीन वर्षअघि फिल्म ‘रातो टीका निधारमा’को गीत सार्वजनिक कार्यक्रममा अभिनेत्री साम्राज्ञी राज्यलक्ष्मी शाह पहिलो पटक साडी लगाएर उपस्थित भएकी थिइन्।

त्यसबेला उनले भनेकी थिइन्- ‘हिलमा साडी मिलाएर हिँड्न निकै गाह्रो हुन्छ। त्यसमाथि कसैले पल्लुमा टेकिदिन्छ। साडी राम्रो लाग्छ तर लगाएर हिँड्न असहज महसुस हुन्छ।’ तर, अहिले उनी साडीमा बानी परेको देखिन्छ। साम्राज्ञीले गत हप्ता आमाको साडी पहिलोपटक लगाएको भन्दै केही तस्वीर सामाजिक सञ्जालमा शेयर गरेकी थिइन्। त्यसको चार दिनपछि उनी एक वैवाहिक कार्यक्रममा पुनः साडीमा पुगेकी थिइन्। सोमबार उनले फेरि साडीमा सजिएको केही तस्वीरहरु सामाजिक सञ्जालमा पोस्ट गरेकी छन्। उनले ‘पिंक कलर’को साडी पहिरिएकी छन्। उनमा साडी मोह बढ्न थालेको देखिन्छ।

साम्राज्ञीमा पहिरनको राम्रो ज्ञान छ। मौसम र स्थान अनुकूल उनी सुहाउँदो पहिरन रोज्ने गर्छिन्। यसैले त मिडियामा पनि उनको पहिरनकै बढी चर्चा हुने गर्छ। पर्दामा होस् वा वास्तविक जीवनमा, बोल्ड छवि बनाएकी उनको आगामी भदौ २९ गते यस वर्षका लागि पहिलो फिल्म ‘नाङ्गो गाउँ’ प्रदर्शनमा आउँदैछ। उनलाई यो फिल्मप्रति व्यावसायिक सफलताको ठूलो आशा र अपेक्षा छ।

उनको गत वर्ष दुई फिल्म ‘तिम्रो मेरो साथ’ र ‘ह्यारी कि प्यारी’ असफल भएका थिए। त्यसअघि ‘मारुनी’ र ‘रातो टीका निधारमा’ पनि चल्न सकेका थिएनन्।

प्रदेशसभा सदस्य बन्दनालाई मातृशोक

बिर्तामोड, जेठ २। प्रदेशसभा सदस्य बन्दना पौड्याल अधिकारीलाई मातृशोक परेको छ।

इलामको सूर्योदय नगरपालिका निवासी सांसद अधिकारीकी ममतामयी माता राधिका पौड्यालको निधन भएसँगै पौड्याल परिवार शोकमा परेको हो।

बिर्तामोड नगरपालिका-९ कोलाटोलीमा बसोबास गर्दै आएकी ९१ वर्षीया राधिका पौड्यालको गत जेठ १ गते सोमबार घरैमा निधन भएको हो। पौड्याल केही समय पहिलेदेखि अस्वस्थ थिइन्। उनको मंगलबार कनकाईमा अन्त्येष्टि गरिएको पारिवारिक स्रोतले जनाएको छ। धार्मिक तथा सामाजिक व्यक्तित्व स्व. पौड्यालका पति काशीनाथ पौड्यालको यसअघि नै निधन भइसकेको छ।

उनका चार छोरा तथा ६ बुहारीहरु तथा ५ छोरी तथा ४ ज्वाइँ रहेका छन्। छोराबुहारीहरु स्व. रंगलाल-कृष्णकुमारी, खेमराज-हिमा, सविता, भोलानाथ-योगमाया, पुष्प-गीता, लोकनाथ-सीता पौड्याल तथा छोरीज्वाइँमा मीना-मुक्ति भट्टराई, कविता-देवेन्द्र गौतम, रोहिता-भानुभक्त खतिवडा, बन्दना-बिनोद अधिकारी र सुशीला भट्टराई रहेको नाति पुण्य भट्टराईले जानकारी दिए। उनकी कान्छीछोरी बन्दना प्रदेश सांसद हुन् भने कान्छो छोरा लोकनाथ नेपाल सरकारका सहसचिव तथा ज्वाइँ देवेन्द्र बिशाल सहकारी संस्थाका अध्यक्ष तथा पूर्व प्रधानाध्यापक हुन्। अन्य छोराबुहारी अधिकांश शिक्षक रहेका छन्।

महिलाहरुलाई उद्घोषण तालिम

अर्जुनधारा, जेठ २। झापाको अर्जुनधारा-८ नं. वडा कार्यालयको आयोजनामा आयोजित १५ दिने उद्घोषण तालिम मंगलबार सम्पन्न भएको छ।

चालू आर्थिक वर्ष ०७९/०८०को स्वीकृत वडास्तरीय योजना महिला लक्षित कार्यक्रम अन्तर्गत आयोजित उक्त तालिम महिलाहरुलाई सिप प्रदान गरी आत्मनिर्भर बनाउने उद्देश्यले आयोजना गरिएको वडाध्यक्ष कुमारप्रसाद उप्रेतीले बताए।

वडाध्यक्ष उप्रेतीको अध्यक्षतामा आयोजित तालिम समापन कार्यक्रममा प्रमुख अतिथि अर्जुनधारा नगरपालिकाका प्रमुख बलदेवसिंह गोम्देन तामाङ, प्रमुख प्रशासकीय अधिकृत गीताकुमारी राई, व्यवसायी गजेन्द्र पौडेललगायतले सहभागी प्रशिक्षार्थीहरुलाई प्रमाण पत्र प्रदान गरेका थिए।

कार्यक्रममा प्रशिक्षार्थीद्वय आयुष भट्टराई र मञ्जुकुमारी दाहालले तालिमको अनुभव प्रस्तुत गरेका थिए। प्रशिक्षार्थी अन्तरिक्ष दुङ्गेलले स्वागत गरेको उक्त कार्यक्रमको सञ्चालन प्रशिक्षार्थीद्वय कञ्चनबिन्दु खड्का र राजेश गिरीले गरेका थिए। प्रशिक्षकहरु अमित खम्बू, रमेश समदर्शी र सरोज पौडेलले प्रशिक्षण दिएको तालिममा ३५ जना प्रशिक्षार्थी सहभागी रहेको वडासचिव एवम् तालिम संयोजक प्रकाश पौडेलले जानकारी दिए।

बीमा ...

अभियान नेपालको सहजीकरणमा साझेदारीमा कृषि तथा पशुपालन उद्यमशीलता विकास परियोजना अन्तर्गत पशु बीमा कार्यक्रम सञ्चालन भइरहेको छ।

कार्की र पाण्डेजस्तै कनकाईका पशुपालक कृषकले रु. छ हजार तीन सयदेखि रु. एक लाख ३६ हजारसम्म पशु बीमावापतको रकम पाएका छन्। नगरपालिकाले बीमा गरेका ३७ पशुको कूल रु. १० लाख ५७ हजार सात सय बीमा रकम कृषकलाई प्रदान गरिएको हेफर प्रोजेक्ट नेपालका कर्मचारी चन्दा सिटौलाले जानकारी दिइन्।

कनकाई नगरपालिकाले सरकारले लागू गरेको पशु बीमा अन्तर्गतको पशु बीमा गर्न चाहने कृषकको बीमावापत ७५ प्रतिशत रकम व्यहोर्ने गरेको छ। सरकारले लागू गरेको पशु बीमा कार्यक्रमलाई प्रभावकारी बनाउन र कृषकलाई पशु बीमा कार्यक्रममा सहभागी गराउन नगरपालिकाले बीमा रकममा समेत अनुदान दिइरहेको कनकाई नगर प्रमुख राजेन्द्र पोखरेलले बताए।

कृषकलाई पशुपालनमा प्रोत्साहन गर्न र केही भइहाले त्यसवापतको राहत दिन नगरपालिकाले सरकारको नीतिअनुरुप थप सहयोग गरिरहेको छ- उनले भने- पशु बीमा कार्यक्रमबाट केही कृषकले लाभ लिइरहनुभएको छ, केहीले लिनुभएको छैन, सबै कृषकलाई पशु बीमा गराएर सुरक्षित र व्यावसायिक पशुपालन गर्न म आग्रह समेत गर्दछु।

आयो ...

गरेर प्रदर्शन गरेका थिए। संर्घषसहितको उनीहरूको शान्तिपूर्ण आन्दोलनमा स्थानीय राजनीतिक दल, नागरिक समाज र स्थानीय सरकारले समेत समर्थन जनाएको थियो।

मुआब्जा पीडितहरूको दबावपूर्ण आन्दोलन पश्चात् जिल्ला प्रशासन कार्यालय झापाले जग्गाको मुआब्जा तथा घर टहराको क्षतिपूर्ति बापत दिनुपर्ने १०९ वटा कित्ताको रकम नै तोकेर २०७९ पुस ६ गते १५ दिने सूचना निकालेको थियो।

प्रशासनले सूचना निकाले पनि सरकारले मुआब्जा रकम नपठाएको भन्दै उनीहरू फेरि आन्दोलित बनेका थिए। त्यसपछि मुआब्जा पीडितहरू स्थानीय सरकारसँग समन्वय गरेर काठमाडौं पुगे।

गत चैत २७ गते कांग्रेस नेता कृष्णप्रसाद सिटौलाको समन्वयमा भद्रपुर नगरपालिकाका प्रमुख गणेश पोखरेलको नेतृत्वमा गएका मुआब्जा पीडितहरूले अर्थमन्त्री डा. प्रकाशशरण महतलाई भेटेर मुआब्जा रकम छिटोभन्दा छिटो निकासा गरिदिन माग गर्दै ज्ञापन-पत्र बुझाएका थिए।

चन्दा ...

चन्द रहेका छन्। उनीहरूले अवैध रुपमा चन्दा माग गरी असुल उपर गरिरहेको भन्ने सूचनाको आधारमा जिल्ला प्रहरी परिसर काठमाडौंबाट खटिएको प्रहरीले उक्त कार्यमा संलग्न आफूलाई अखिल नेपाल ट्रेड युनियन मजदुर संघको केन्द्रीय सदस्य बताउने अमृत र अखिल क्रान्तिकारी केन्द्रीय सचिवालय सदस्य बताउने धनबहादुरलाई पक्राउ गरेको हो।

रेशम ...

अर्का प्रतिवादी लक्ष्मण थारूलाई उच्च अदालत दिपायलले ठहर गरेको पाँच वर्ष कैद सजायलाई घटाएर तीन वर्ष ठहर गरेको जिल्ला अदालत कैलालीकै फैसला सदर गरेको छ। नागरिक उन्मुक्ति पार्टी सञ्चालन गर्दै चौधरीसहितका टीकापुर घटनामा संलग्नलाई माफी दिनुपर्ने मागका कारण सरकारले नयाँ विधेयक संसद्मा दर्ता गराएको थियो। उक्त विधेयक संसद्बाट पास हुनुअघि नै अदालतले दोषी ठहर हुने फैसला गरेको छ।

माइग्रेसन सर्टिफिकेट हरायो

मिति २०७९।१२।२२ गतेका दिन धुलाबारीबाट विराटनगर जाने क्रममा मेरो डिप्लोमा लेबलको इलेक्ट्रिकल तथा इलेक्ट्रोनिक इञ्जिनियरिङको माइग्रेसन सर्टिफिकेट हराएको हुँदा पाउनुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु।

नाम :- मुक्तिनाथ आचार्य
ठेगाना :- मेचीनगर-१०, झापा
सम्पर्क नं. :- ९८५२६७२७४६
९८४४६३८५०३

PRiME COMMERCIAL BANK LTD.
प्राइम कमर्सियल बैंक लिमिटेड

को

शाखा कार्यालय विर्तामोड, झापाको तपसिलमा उल्लेखित ऋणीलाई कर्जा चुक्ता गर्न आउने ३५ दिने अत्यन्त जरुरी सूचना

(प्रकाशित मिति २०८०/०२/०३ गते)

तपसिलमा उल्लेखित ऋणीले यस बैंकको शाखा कार्यालय विर्तामोड, झापाबाट लिनु भएको कर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, साँवाको किस्ता, ब्याज र हर्जाना ब्याज रकम समेत नतिरी नबुझाई बैंकसँग गरेको कर्जा सम्बन्धी शर्त कबुलियत उल्लंघन गर्नु भएकोले तपसिलका ऋणी र व्यक्तिगत जमानतकर्ताहरु समेतलाई पटक-पटक मौखिक एवम् लिखित तरताकेता गार्दा समेत कर्जाको साँवा तथा सोमा लाग्ने ब्याज र हर्जाना ब्याज रकम बुझाउने तर्फ कुनै पहल नगरी बेवास्ता गरी बसेको हुनाले तपसिलमा उल्लेखित ऋणी, व्यक्तिगत जमानतकर्ताहरु तथा धितो धनीका नाममा बाँकी रहेको ऋण कर्जा चुक्ता भुक्तानी गर्नु हुन यो ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्र यस बैंकमा सम्पर्क राखि आफूले लिएको कर्जा, कर्जाको बुझाउनु पर्ने सम्पूर्ण साँवा, ब्याज र हर्जाना ब्याज रकम अविलम्ब चुक्ता भुक्तानी गर्नु होला । अन्यथा ऋणी र बैंक बीच भए गरेका शर्त सम्झौता, नेपाल राष्ट्र बैंकबाट बैंकहरुलाई जारी एकीकृत निर्देशन, बैंकको नियम, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा प्रचलित नियम कानूनले दिएको अधिकार प्रयोग गरी सम्बन्धित सबैलाई कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचिमा नाम समावेश गर्न लेखि पठाई ऋणको सुरक्षण स्वरूप बैंकलाई दिएको चल-अचल सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्रबाट लिलाम बिक्री गरी बैंकको सम्पूर्ण लेना रकम असुल उपर गर्ने तर्फ आवश्यक कारवाही गरिने व्यहोरा सूचित गरिन्छ । साथै, धितो सुरक्षणको लिलाम बिक्री हुन नसकी बैंकले धितो सकार गर्नु परेमा वा लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण बक्यौता असुल उपर नभएमा असुल उपर हुन नसकेको रकमको हदसम्म कानून बमोजिम ऋणी र व्यक्तिगत जमानतकर्ताहरुको घरघरानाबाट असुली गर्ने तर्फ कानूनी प्रकृया अगाडि बढाईने व्यहोरासमेत यसै सूचनाद्वारा सूचित गरिन्छ ।

तपसिल

ऋणीको विवरण

मकर ध्वज भट्टराईको नाति, रत्न बहादुर भट्टराई को छोरा, झापा जिल्ला, पाँचगाछी वडा नं. ९ स्थित स्थायी ठेगाना भएको **अर्जुन भट्टराई (ना.प्र.प.नं. ६९१२२५९६, झापा)**

व्यक्तिगत जमानतकर्ताहरुको विवरण

१. रत्न बहादुर भट्टराईको बुहारी, अर्जुन भट्टराईको पत्नी, झापा जिल्ला, पाँचगाछी वडा नं. ९ स्थित स्थायी ठेगाना भएको **सिता भट्टराई (ना.प्र.प.नं. ०४/५२५, झापा)**
२. मकर ध्वज भट्टराईको बुहारी , रत्न बहादुर भट्टराईको पत्नी, झापा जिल्ला, पाँचगाछी वडा नं. ९ स्थित स्थायी ठेगाना भएको **सुर्य कुमारी भट्टराई (ना.प्र.प.नं. ०४-०१-६९-१२२५९, झापा)**
३. मकर ध्वज भट्टराईको नाति, रत्न बहादुर भट्टराईको छोरा, झापा जिल्ला, पाँचगाछी वडा नं. ९ स्थित स्थायी ठेगाना भएको **गणेश प्रसाद भट्टराई (ना.प्र.प.नं. ०४/८१५, झापा)**
४. खम्ब सिंह भट्टराईको नाति, मकर ध्वज भट्टराईको छोरा, झापा जिल्ला, चन्द्रगाढी वडा नं. ९ स्थित स्थायी ठेगाना भएको **रत्न बहादुर भट्टराई (ना.प्र.प.नं. १८६०८९६०, झापा)**

नोट: यो सूचना मिति २०८०-०२-०३ गतेको नागरिक राष्ट्रिय दैनिक पत्रिकामा समेत प्रकाशित गरिएको छ ।

श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरूप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९५९०२९५) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी ■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१) ■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा ■ बिर्तामोड प्रतिनिधि: गोपाल अधिकारी-९८०७९१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रूपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail.com

पूर्वाञ्चल

सम्पादकीय

प्रहरी र सरकारको परीक्षा !

नक्कली भुटानी शरणार्थी प्रकरणले देशमा नयाँ आतंकको शुरुवात भएको छ । कतै बाघको, कतै जंगली हात्तीको त कतै बाँदर आतंकको चर्चा हुने गरेकोमा शरणार्थी प्रकरणले नयाँ आतंक अर्थात् नेता पुत्र आतंकको नयाँ अध्याय शुरु गरेको हो । नक्कली शरणार्थी प्रकरणमा पूर्वउपप्रधानमन्त्री टोपबहादुर रायमाझीका छोरा पक्राउ परेपछि, अन्य पक्राउ परेकाहरुमध्ये पूर्वगृहमन्त्रीका सुरक्षा सल्लाहकार इन्द्रजित राईका छोरा अझै फरार छन् । बाबुको प्रभाव र संरक्षणमा संगठित अपराधमा संलग्न भनिएका उनीहरुको अभियोग छानविनकै क्रममा रहेको छ । अनुसन्धानको पूर्णताले मात्रै दोषी वा निर्दोषी पुष्टि गर्नेछ तर यही बेला झापा दमक नगरपालिकाका पूर्वमेयर रोमनाथ ओलीका छोराबिरुद्ध पनि लाखौं रुपैयाँ ठगी गरेको उजुरी परेको छ । पद र शक्तिकै भरोसामा हुर्किन थालेको यस्ता आपराधिक गतिविधि कुनै पनि समाजका लागि राम्रो संकेत होइन ।

पूर्वमेयरका छोरा अनिल ओलीले कामदार भिसामा अष्ट्रेलिया पठाउने भन्दै पाँच जनाबाट ४५ लाख लिएको बताइन्छ । त्यस्तै दक्षिण कोरिया पठाउने भन्दै ११ जनाबाट प्रतिव्यक्ति ५ देखि १० लाखसम्म लिएको पीडितहरुले बैदेशिक रोजगारी विभागमा उजुरी गरेका छन् । त्यही उजुरीका आधारमा अनिलको नाममा पक्राउ पुर्जी जारी भए पनि उनी पक्राउ परेका छैनन् । हर्जानासहित पैसा फिर्ता पाउँ भन्दै पीडितले दिएको उजुरीको सुनवाई गर्दै झापा जिल्ला अदालत भद्रपुरले ठगी धन्दाका आरोपी अनिल ओलीका नाममा पक्राउ पुर्जी जारी गरेको झापाका डीएसपी खगेन्द्र रिजालले पुष्टि गरेका छन् । ओलीबिरुद्ध जिल्ला अदालत झापा र बैदेशिक रोजगार विभागले पक्राउ पुर्जी जारी गरेको भए पनि ओली अझै पक्राउ नपर्नुले ठूलै शक्तिले उनको संरक्षण गरेको आरोप लाग्न थालेको छ ।

बितेको साढे तीन दशक यस्ता धेरै काण्ड र प्रकरणहरुको केन्द्रमा रह्यो । गरीब देशका धनी नेताहरु भनेर चिनिन थालेको सन्दर्भमा व्यापक बन्दै गएका यस्ता ठगीका घटनाले झनै चर्चा पाउन थालेको हो । त्यसैले जबसम्म अपराध कर्म गर्नेहरुलाई कानूनको दायरामा ल्याउन सकिँदैन तबसम्म आपराधिक मानसिकता बलियो भइरहन्छ । त्यसकारण पनि राष्ट्रको अस्तित्व र अस्मितामाथि नै प्रश्न उठाउने अपराध र प्रवृत्तिलाई निर्मूल पार्न जरुरी छ । त्यसका लागि वर्तमान सरकारले अहिले देखाइरहेको अग्रसरसता, दृढता र तदारुकता कुनै पनि प्रभावमा निस्तेज हुनुहुँदैन । त्यसैगरी नेपाल प्रहरी संगठनले पनि राजनीतिक दबाबको प्रतिवाद गर्दै निष्पक्ष र स्वतन्त्र अनुसन्धान गरी वास्तविक दोषीको पहिचान गर्नुपर्छ । अनि मात्र गुमेको प्रतिष्ठाको रक्षा गर्न सकिन्छ ।

एक महिनामा चट्याङबाट पाँचको मृत्यु, ४३ जना घाइते

काठमाडौं, जेठ २। पछिल्लो एक महिनामा देशका विभिन्न स्थानमा चट्याङका थुप्रै घटना घटेका छन् ।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण व्यवस्थापन प्राधिकरणका अनुसार गएको एक महिनाको अवधिमा चट्याङ लागेर पाँच जनाको मृत्यु भएको छ भने ४३ घाइते भएका छन् ।

प्राधिकरणका अनुसार गत वैशाख १ देखि जेठ १ सम्ममा चट्याङका ४४ वटा घटना भएका छन् । प्राधिकरणका अनुसार चट्याङ लागेर दैलेखमा एकै घरका चारजना घाइते भएका छन् । डुङेश्वर गाउँपालिका-२ लाँकुरीका २१ वर्षीय पारस विक, १६ वर्षीया हेमा विक, १७ वर्षीया पूर्णा विक र २० वर्षीया पुष्पा विकलाई सुतिरहेकै बेला चट्याङ लागेको हो । घाइतेहरुको उपचार भइरहेको छ ।

देशका पहाडी जिल्लामा हुरीबतास र मेघगर्जनसहित चट्याङ पर्ने क्रम जारी रहेकाले सावधानी अपनाउन मौसमविद् गोविन्द झाले आग्रह गरे । उनका अनुसार आज बागमती, कोशी, गण्डकी र कर्णाली प्रदेशका पहाडी क्षेत्रमा चट्याङ पर्ने सम्भावना छ । प्री-मनसुनमा चट्याङ पर्ने धेरै सम्भावना रहेको उनको भनाइ छ ।

चट्याङ पर्दा शरीरमा त्यसको विद्युत् प्रवाह भएर घाइते हुने तथा ज्यान नै जाने खतरा हुने राष्ट्रिय विपद् जोखिम न्यूनीकरण व्यवस्थापन प्राधिकरणका प्रमुख कार्यकारी अधिकृत अनिल पोखरेलले जानकारी दिए । चट्याङ पर्ने समयमा खेतबारीको काममा नजान र गड्याङगुडुडको आवाज सुनेपछि घरभित्र वा सुरक्षित ठाउँमा बस्न उनको सुझाव छ । अझै तीन-चार महिना चट्याङ पर्ने सम्भावना उच्च हुने भएकाले सावधानी अपनाउन प्राधिकरणले आग्रह गरेको छ ।

भ्रष्टाचारको अनन्त चक्र

राजकुमार शिवाकोटी

विश्वमा भ्रष्टाचार अनन्त र सर्वव्यापक छ । यसका कारण र परिणाम माथि व्यापक बहस भइरहेको छ । स्थान र समय अनुसार भ्रष्टाचारको व्याख्या फरक हुँदै आएको छ । भ्रष्टाचारको परिभाषा सहज छैन । सर्वोच्च अदालतले एक मुद्दामा यसलाई परिभाषित गर्न कठिन छ -भनेको छ । भ्रष्टाचार शब्दलाई परिभाषा गरी निश्चित सीमा रेखाङ्कनभित्र आबद्ध गर्ने कार्य जोखिमपूर्ण छ । यसै भएकाले 'भ्रष्टाचार निवारण ऐन २०१७'मा भ्रष्टाचारको परिभाषा नगरेको महशुस हुन्छ ।

सामान्नतयाः भ्रष्टाचार ठहर्न कुनै व्यक्तिले आफ्नो ओहदाको दुरुपयोग गरेको हुनु पर्छ । कुनै काम गर्दा कसैको मोलाहिजा वा कुनैलाई अनिष्ट गर्न वा गराइदिएबापत केही पाउने प्रलोभनमा परी या आर्थिक लाभ अनियमित ढङ्गले मञ्जुर गरेमा, लिएमा वा लिन प्रयत्न गरे भ्रष्टाचार मानिन्छ । भ्रष्टाचारबिरुद्धका अभियन्ता राज्य वा राजनीतिमा भ्रष्टाचार विद्यमान हुन्छ भन्ने कुरामा एकमत छन् । उनीहरूका अनुसार गैर कानूनी उपायबाट धन या शक्ति प्राप्त गर्न प्रयास गर्नु- सार्वजनिक नोक्सानीमा निजी लाभ उठाउनु भ्रष्टाचार हो । भ्रष्टाचार शब्दको अनेक ढङ्गले विभिन्न अर्थ र भावार्थको इतिहास नै छ । जे होस् इतिहासले प्रमाणित गरेको छ जति शक्ति एक ठाउँमा केन्द्रित

हुँदै जान्छ त्यति भ्रष्टाचार असीमित हुँदै जान्छ । राजनीति शास्त्रमा 'शक्ति पृथकीकरण' र 'शक्ति सन्तुलन'को सिद्धान्तको प्रादुर्भाव यसै कारणले भयो ।

प्राचीन सभ्यतादेखि आजसम्म सबै राजनीतिक र आर्थिक व्यवस्थामा भ्रष्टाचार विद्यमान छ । विभिन्न धर्म सम्प्रदायमा समेत भ्रष्टाचार थियो र त्यो अहिले पनि कायम छ । खासगरी विषम समाजमा भ्रष्टाचार व्यापक मात्रामा हुन्छ । नेपाल राज्यको विस्तार हुनुअघि र त्यसपछि पनि भ्रष्टाचार थियो । आजको नेपाली समाजलाई यसले तहसनहस परिरहेको तथ्य पृथ्वीनारायण शाहको दिव्योपदेशले प्रस्ट पार्दछ -'घुस दिने र खाने दुबै राष्ट्रका शत्रु हुन् ।' सबै राजनीतिक व्यवस्थाले भ्रष्टाचार अन्त्य गर्न सकेको छैन । यो समाजमा टासिइरहँदै पुनः देखा परिरहन्छ । यसलाई मनोगत मानव कार्यले मात्र घटाउन सकिँदैन । कुनै समय, स्थान र संस्कारमा अरूभन्दा बढी भ्रष्टाचार भएको पाइन्छ ।

नेपालमा भ्रष्टाचारको इतिहास कहालीलाग्दो छ । राणा शासन र श्री ३ महाराज भई असीमित शक्ति पाएपछि भ्रष्टाचार व्यापक र संस्थागत हुन थाल्यो । जुवामा हारेको रकम तिर्न नसकी हात्ती समाउन तराई झर्न विवश भएका जङ्गबहादुरले धेरै सम्पत्ति जोड्न सके । वीरशमशेरले राज्यको र निजी ढुकुटीमा फरक देखेनन् । नेपालमा सर्वप्रथम विदेशी बैङ्कमा सम्पत्ति जम्मा शुरु गर्ने यिनी हुन् । चन्द्रशमशेरले राज्यको ढुकुटीलाई निजी ढुकुटीका रूपमा प्रयोग गरी नौ/नौ करोडका दरले आफ्ना नौ भाइछोरालाई बाँडेका थिए । प्रथम महायुद्ध र द्वितीय महायुद्धमा गोरखालीले लडेबापत ब्रिटिस सरकारबाट प्राप्त भएको वार्षिक भा.रु. दश लाख (पछि २० लाख भा.रु.) राज्यको ढुकुटीमा जानुपर्ने आम्दानी श्री ३ महाराजको निजी ढुकुटीमा जान्थ्यो । यो एउटा भ्रष्टाचारको नमूना मात्र हो । श्री ३ महाराज प्रधानमन्त्री र उनका परिवारले कर, तिरो, भन्सार, महशुल आदि तिर्नु पर्दैन्थ्यो । राज्यका स्रोतहरूलाई आफ्नो निजी प्रयोजनमा लगाउन सकिन्थ्यो र लगाइन्थ्यो ।

२००७ सालमा प्रजातन्त्र आयो, तर पनि यो लेगासीले छोडेन । राज्यको सम्पत्ति र शासकको निजी सम्पत्तिमा भिन्नता देखिएन । पञ्चायतकालमा जहाँ शक्ति केन्द्रमा भ्रष्टाचार हुन्थ्यो र भयो पनि । शक्तिशाली प्रधानमन्त्री तुलसी गिरी, उनका मन्त्रीपरिषद् सदस्य र वरिष्ठ कर्मचारीबिरुद्ध विदेशी मुद्रा अपचलन गरेको आरोप लाग्यो । मुद्दा जितेपछि तुलसी गिरी विदेशिए । पञ्चायत कालमा वन जङ्गल धेरै नाश भयो । घुसको चक्करले गर्दा गिफ्ट पार्सल, स्टनेलेस स्टिलका सामान निर्यात काण्डले देशको उद्योग र व्यापार डुब्यो । टङ्कप्रसाद आचार्यको मन्त्रीपरिषद्का सदस्य भूपालमान सिंह कार्कीले धान चामल ढुवानी ठेक्कामा ठूलो भ्रष्टाचार गरेको तथ्य भेटिन्छ । राजा वीरेन्द्रको शुभराज्याभिषेकमा खर्च भएको सम्पत्तिका विषयमा अमेरिकी टाइम पत्रिकाले 'गरीब देशका धनी राजा' भनेर छापेको थियो । पञ्चायतकालमा लोकेन्द्रबहादुर चन्दलाई गलैंचा काण्ड, सूर्यबहादुर थापालाई वनजङ्गल सकेको आरोप लागेको थियो । २०४६ को परिवर्तन पछि चाइना साउथ वेस्ट एयरलाइन्स काण्ड एमाले सरकारको पालाको चर्चित भ्रष्टाचार काण्ड हो । लाउडा जहाज भाडा प्रकरण, रासायनिक मलकाण्ड, 'पजेरो प्रकरण' 'सांसद खरिद-बिक्री प्रकरण', आदि भ्रष्टाचारका नुमना हुन् । यी प्रकरणमा 'नीतिगत निर्णय' र 'तजबिजी अधिकार'को प्रयोग भएको पाइन्छ ।

विगत ७० वर्षमा सबै राजनीतिक दल 'जल, 'हवाई, भू-'लागूऔषध, सुन', 'पासपोर्ट माफिया'देखि 'चेलीबेटी बेचबिखन माफिया' र 'मानव तस्कर'द्वारा प्रभावित छन् । नेपालका राजनेता, कर्मचारी प्रशासनदेखि पार्टीका कार्यकर्तासम्मले भेटे र सके जति भ्रष्टाचार गरेका छन् । २०६२/०६३ को गणतान्त्रिक लोकतन्त्रको शुरुवात पछि समाजमा भ्रष्टाचारको तह घट्ला भन्ने अपेक्षा गरिए पनि यो यथार्थमा परिणत हुन सकेन । सर्वहाराको नेतृत्व गर्ने एमाओवादी पार्टी र यसका नेता पनि धनाढ्यको कित्तामा उभिन पुगे । लुटिएका र नियन्त्रण गरिएका सवारीसाधनलाई मन्त्रीपरिषद्बाट निर्णय गरेर छुट्टै नम्बर प्लेट राखेर प्रयोग गर्ने काम भए । अर्बौं घोटालाका प्रकरण राजनीतिक दबाबका कारण अख्तियारले छानबिन गर्न सकेको छैन । गएको तीन वर्षयता देखापरेको कोरोना तथा कोभिड-१९ को कहरले समाजलाई ब्याकुल बनाएको छ । नागरिकको स्वास्थ्यको प्रत्याभूतिका लागि खरिद गरिने औषधि पीपीई, भ्याक्सिन, कोरेन्टाइनको व्यवस्थापन जस्ता क्षेत्रमा स्थानीय तहदेखि केन्द्रैसम्म व्यापक भ्रष्टाचार भएको जनगुनासो आइराखेको अवस्था छ । स्वास्थ्य, शिक्षा र मानवीय सेवाका क्षेत्रमा समेत व्यापक भ्रष्टाचार हुनु यो मुलुकका लागि ठूलो दुर्भाग्य हो ।

समाज निर्माणको शुरुको अवस्थामा राज्यले शान्ति सुरक्षा दिने, न्याय दिने र कर तिरो उठाउने काम गर्ने हो । न्याय दिँदा र कर तिरो उठाउँदा भ्रष्टाचार हुन्थ्यो । समाजका सीमित समूहमा भ्रष्टाचारको मार पर्दथ्यो । जब विकास र निर्माणका कार्य पनि सरकारले गर्न थाल्यो तब भ्रष्टाचार बढी देखिन थाल्यो । समाजको सानो समूहबाट ठूलो व्यापक समूहमा भ्रष्टाचारले सतायो । हाल दातृसमुदायबाट विदेशी ऋण र अनुदानका रूपमा आर्थिक संरचना, आर्थिक विकास, गरिबी उन्मूलन, आतङ्ककारी निर्मूल गर्न सहयोग आउन थाल्यो । यस्ता सहयोगमा व्यापक भ्रष्टाचार हुने र पारदर्शिताको अभाव विद्यमान छ ।

नेपाली भूमिमा विदेशी एनजिओ/आईएनजीओ दुई सयभन्दा बढी कार्यरत छन् । तिनीहरूको आयव्यय विवरण कहिले सार्वजनिक हुँदैन । न ती संस्थाले आर्थिक विवरण जिल्ला प्रशासन कार्यालयमा नै बुझाउनुपर्छ । यस्ता सयौं संस्थाले नेपालको तरल र राजनीतिक पद्धति तथा राज्यको अनुगमन प्रणाली कमजोर भएको अवस्थाको फाइदा उठाइरहेका छन् । एक अर्थमा यी विदेशी संस्थाले सय प्रतिशत फाइदाको व्यापार नेपालमा गरिराखेका छन् । राज्य र नागरिकले यस्ता निकायलाई अनुगमन गर्ने र पारदर्शिता खोज्ने कार्यमा चुकेको अवस्था छ ।

हाम्रो देशमा स्थानीय प्रशासनदेखि केन्द्रीय प्रशासनसम्म, कर, राजश्व, भन्सारदेखि नापीसम्म भ्रष्टाचारको जगजगी बढेको छ । प्रस्ट रूपमा विकासोन्मुख देशमा भ्रष्टाचार सर्वशक्तिमान, सर्वव्यापक र अदृश्य शक्ति भएको छ । केही वर्षअघि फिलिपिन्सका राष्ट्रपति, इन्डोनेसियाका राष्ट्रपति, कोरियाका राष्ट्रपतिले भ्रष्टाचारको आरोपमा पद छाड्नु परेको, भारतका प्रधानमन्त्री पीभी नरसिंह रावलाई अदालतले भ्रष्टाचारमा दण्ड दिएको, पाकिस्तानका प्रधानमन्त्रीलाई आरोप लागेको, कोरियाका राष्ट्रपति पनि भ्रष्टाचारको मुद्दामा फसेको पाइन्छ । नेपाल पनि यसमा अपवाद हुन सक्दैन । अख्तियार दुरुपयोग अनुसन्धान आयोगले भ्रष्टाचारीका बिरुद्ध सशक्त कारवाही चलाइरहेको छैन । यो कठिन काम त हो, तर हिम्मत राखे गर्न आवश्य सकिन्छ ।

नेपालमा भ्रष्टाचार अनियन्त्रित हुँदा साधारण नागरिकको राज्यमाथिको विश्वास घटेको छ । नवजात लोकतन्त्र उदय भएको एसिया, अफ्रिका र ल्याटिन अमेरिकाका देशमा प्रजातन्त्रप्रति आस्था घट्दै गई त्यहाँका नागरिकमा नकारात्मक प्रभाव परिरहेको छ । नेपालको अवस्था त खराबमध्येको खराबमा रहेको छ । यद्यपि नागरिक र लोकतन्त्रका प्रमुख अभिकर्ता राजनीतिक दलले भ्रष्टाचार उन्मूलनका लागि दृढ इच्छाशक्ति प्रदर्शन गर्ने हो भने भ्रष्टाचारलाई उन्मूलन गर्न नसके पनि नियन्त्रण गर्न सकिन्छ । नयाँ नेपालको परिकल्पना साकार पार्ने हो भने भ्रष्टाचारमा शून्य सहिष्णुता चाहिन्छ । यसका लागि सबै नेपाली एक ढिक्का भएर भ्रष्टाचारबिरुद्ध सङ्गठित सङ्घर्ष गर्नुको विकल्प छैन । *गोप*

शिवाकोटी समसामायिक विषयमा कलम चलाउनुहुन्छ ।

निराशाको धुँवाभित्र रुमलिएको बजेट



उद्धव सिलवाल

नेपालको संविधान, २०७२ को धारा ११९ को उपधारा ३ मा 'नेपाल सरकारको अर्थमन्त्रीले राजश्व र व्ययको अनुमान प्रत्येक वर्ष जेठ महिनाको १५ गते संघीय संसदमा पेश गर्नेछ' भनी स्पष्ट व्यवस्था गरिएको छ । सोही व्यवस्था अनुसार सरकारले बजेट निर्धारित गरेकै दिनमा ल्याउने गरी काम गरिरहेको छ । यो भन्दा अघि तत्कालीन अर्थमन्त्री जनादेश शर्माले १७ खर्ब ९३ अर्ब ८३ करोड रुपैयाँको बजेट सार्वजनिक गरेका थिए ।

उक्त बजेटले ८ प्रतिशतको आर्थिक वृद्धिदर र ७ प्रतिशतमा मुद्रास्फीतिलाई कायम राख्ने बताएको थियो । तर, ती सबै कुरा देखावटी प्रचारमा मात्रै सिमित रहन पुगेको छ । विश्व बैंक, एसियाली विकास बैंक, अन्तर्राष्ट्रिय मुद्रा कोष लगायतका दातृ संस्थाहरूले सार्वजनिक गरेका तथ्यांकले यो वर्ष ४.१ प्रतिशतले आर्थिक वृद्धि हुने प्रक्षेपण गरेका छन् । तर, राष्ट्रिय तथ्यांक कार्यालयले सार्वजनिक गरेको तथ्यांक अनुसार आधारभूत मूल्यमा यो वर्षको आर्थिक वृद्धिदर २.१६ प्रतिशतमा सीमित रहने बताएको छ ।

उपभोक्ता मूल्यमा भने जीडीपी १.८६ प्रतिशतले मात्र बढ्ने अनुमान गरिएको छ । सरकारले गरेको अनुमानभन्दा यो ५.८४ प्रतिशत तल हो । दातृ संस्थाहरूले गरेको भन्दा नेपालको आर्थिक वृद्धिदर १.९४ प्रतिशत कम देखिन आउँछ । तथ्यांक कार्यालयले चालू आर्थिक वर्षको ६ देखि ९ महिनासम्मका आर्थिक क्षेत्रहरूसँग सम्बन्धित यथार्थ आँकडा तथा सूचनाका आधारमा यो प्रक्षेपण गरेको हो । बाँकी तीन महिनामा अर्थतन्त्रको अवस्था अझ झन नाजुक हुने देखिएको छ । यो भनेको मुलुक मन्दीतर्फ गएको पुष्टि गरेसरह नै हो । युरोप, अमेरिका, बेलायत, चीन लगायतका विश्वका अधिकांश देशमा आर्थिक मन्दीको संकेत देखिन थालेको छ ।

आर्थिक मन्दीको दबाबसँगै त्यहाँका केन्द्रीय बैंकले ब्याजदर बढाउन थालेका छन् । युरो-जोनमा रहेका जर्मनी, फ्रान्स, स्पेन, नेदरल्याण्ड, इटली, ग्रिस, फिनल्याण्ड, डेनमार्क लगायतका १९ देशको आर्थिक गतिविधि कमजोर देखिन थालेका छन् । युरो-जोनका जिडिपि र अर्थतन्त्र खस्कने क्रम शुरु भएको छ । अर्थतन्त्र खस्कन थालेपछि युरोपियन सेन्ट्रल बैंकले पुनः ब्याजदर बढाउने संकेत योभन्दा अघि नै गरीसकेको छ । युरोपियन सेन्ट्रल बैंकले आर्थिक मन्दीको खतरा बढ्न सक्ने जनाएको छ ।

प्रतिशत पुगेको देखाएपछि बजेटले लिएको मूल्य वृद्धिले सीमा नाघेको हो ।

देशका अरू स्थानको तुलनामा काठमाडौं उपत्यकामा सबैभन्दा धेरै महँगी बढेको पनि सो प्रतिवेदनले देखाएको छ । नौ महिनामा काठमाडौं उपत्यकामा सबैभन्दा धेरै आठ दशमलव ५७ प्रतिशतको मूल्यवृद्धि देखिएको छ । यो अवधिमा तराई क्षेत्रमा सात दशमलव ६८, पहाडमा सात दशमलव एक र हिमालमा सात दशमलव ४७ प्रतिशत मूल्यवृद्धि रहेको छ ।

गत आर्थिक वर्षको सोही अवधिमा काठमाडौं उपत्यकामा ६ दशमलव २५ प्रतिशत मूल्यवृद्धि थियो । त्यस्तै, तराईमा सात दशमलव ६१ प्रतिशत, पहाडमा सात दशमलव ७९ प्रतिशत र हिमालमा आठ दशमलव २५ प्रतिशत मुद्रास्फीति थियो । अघिल्लो वर्षको सोही महिनामा यस्तो मुद्रास्फीर्ति सात दशमलव २८ प्रतिशतबराबर थियो । यसले मूल्य वृद्धि रोक्ने कार्य राज्यको नियन्त्रणमा नभई बिलौचिया तन्त्रमा निर्भर रहने कुरालाई देखाएको छ । दैनिक उपभोगमा आउने दाल, चामल, खानेतेल, नुन, चिनी लगायत अति आवश्यक वस्तुको पर्याप्त आपूर्ति गर्नेतर्फ राज्यले काम गर्न नसकेको आभास अहिले बढेको मूल्यले देखाएको छ ।

अहिले राज्यमा वित्तीय सुशासन कायम हुन सकेको छैन । सबैले चासोको रुपमा रहेको शिक्षा, स्वास्थ, सडक सञ्जालको विकास र विस्तारदेखि कानूनी राज्यको अवधारणलाई लिँदै आएका छन् । यस्तो अवस्थामा बजेटले कस्तो नीति लिन्छ त्यसमा भर पर्ने देखिन्छ । अघिल्लो सरकारले आफैले ल्याएको बजेट खर्च गर्न नसकेको यथार्थ हामीमाझ रहेको अवस्थामा बर्तमान सरकारले पनि बजेटको आकार बढाउनेभन्दा पनि कार्यान्वयन गर्न सक्ने बजेट ल्याउनुपर्छ । अर्थ मन्त्रालयले बजेटको आकार नबढ्ने धारणा योभन्दा अघि नै सार्वजनिक गरिसकेको छ ।

राजनीतिक दलहरुले निर्वाचनमा आर्थिक मुद्दाले प्राथमिकता पाउने बताए पनि ती सबै कुरा कागजमा मात्रै सीमित रहँदै आएका छन् । त्यसैले लोकतान्त्रिक मूल्य-मान्यतामा आधारित समाजवादप्रति प्रतिबद्धतासहित समृद्ध राष्ट्रनिर्माण गर्ने लक्ष्य, यसले परिलक्षित गरेको सुशासन, विकास र समृद्धिको आकांक्षालाई बजेटले आत्मसाथ गर्ने देखिँदैन।

आर्थिक मन्दीले खर्चको जोहो गर्न नसक्ने संख्या अहिले धेरै माथि पुगिसकेको छ । आम्दानीको स्रोत बढ्न नसक्दा अभावको चक्रमा आम नागरिक बाँच्न बाध्य छन् । आमनागरिकले अपेक्षा गरेजस्तो बजेटले रोजगारी निर्माण गरी आर्थिक क्षेत्रलाई चलायमान बनाउन सक्ने आधार पनि अहिले मुलुकमा देखिएको छैन । सधैं जस्तो बजेट निर्माण गर्दा योपटक पनि चालु खर्च र साधारण खर्च बढाउनु बाहेक राज्यसँग अर्को विकल्प देखिँदैन ।

बजेट निर्माणको समयमा निजी क्षेत्रले दुई/चार महिना अघिदेखि नै बजेटमा विभिन्न माग राख्ने गर्दै आएका छन् । तर, बजेट भाषणपछि फेरि निजी



आर्थिक मन्दीसँगै मुद्राको मुल्य कमजोर हुने र महँगी बढ्न सक्ने सम्भावना पुनः हाबी भएको छ । नेपालमा पनि यही अवस्था देखिएको छ । चालू आर्थिक वर्षको कुल गार्हस्थ्य उत्पादनमा निर्माण क्षेत्रले ५ दशमलव ५२ प्रतिशत योगदान दिएको प्रारम्भिक अनुमान गरिएको छ । अघिल्लो आर्थिक वर्षको तुलनामा चालू आर्थिक वर्षमा निर्माण क्षेत्रको कुल मूल्य अभिवृद्धि वृद्धिदर २ दशमलव ६२ प्रतिशतले ऋणात्मक हुने प्रारम्भिक अनुमान रहेको छ ।

चालू आर्थिक वर्षमा सार्वजनिक तथा निजी निर्माण कार्यमा आएको शिथिलता र निर्माण सामग्रीको आयात तथा आन्तरिक उत्पादनमा आएको कमीले यस क्षेत्रको मूल्य अभिवृद्धिको वृद्धिदर ऋणात्मक हुने अनुमान गरिएको हो । यसले पूर्वाधारका क्षेत्रमा खासै का र्य हुन नसकेको देखाउँछ । सरकारले विकास बजेट खर्च गर्न नसक्ने, निजी क्षेत्रले निर्माणको कार्य अघिलाई तीव्ररुपमा अघि लान नसकेपछि पूर्वाधार विकासका सबै कार्य ओझलमा परेका छन् ।

बजेटले मूल्यवृद्धि ७ प्रतिशतमा सिमति राख्ने घोषण गरे पनि मूल्य योभन्दा धेरै माथि पुगीसकेको छ । नेपाल राष्ट्र बैंकले सार्वजनिक गरेको चालू आर्थिक वर्षको चैत महिनासम्मको आर्थिक तथा वित्तीय स्थिति प्रतिवेदनले चैत महिनामा वार्षिक विन्दुगत उपभोक्ता मुद्रास्फीति सात दशमलव ७६ क्षेत्रले आफ्ना मागलाई सम्बोधन गर्न नसकेको भन्दै बिरोध गर्ने कार्य विगतदेखि नै जारी रहेको छ । १३औं योजनादेखि १५औं योजनाको अन्तिम वर्षसम्म आइपुग्दा पनि निजी क्षेत्रले उठाउने मुद्दाको प्रकृति उस्तै-उस्तै रहने गरेका छन् । अनि राज्य संयन्त्रले भने सत्तामा पहुँच राख्न सक्ने एकाध ठूला घराना व्यापारिक समूहको निहित स्वार्थपूर्ति गर्न सक्ने कुरालाई मात्रै बजेटमा राख्ने गरेको विगतदेखिको इतिहासले देखाएको छ ।

अब बजेट सार्वजनिक गर्न १३ दिन मात्रै बाँकी रहेको छ । यही समयमा अर्थमन्त्रीले बजेटलाई अन्तिम रूप दिने हुँदा अब आउने बजेट माथिल्लो वर्गको लागिभन्दा पनि तल्लो वर्गलाई लक्षित गर्नुपर्ने देखिएको छ । करका दर, नीति-निर्माण र चुनाव लक्षित बजेट विनियोजन बाहेक सरकारले सर्वहारा वर्गलाई प्राथमिकतामा राखेर बजेट बनाउनुपर्छ ।

बिहान-बेलुका एकछाक खान पनि संघर्ष गर्ने वर्गलाई बजेटले समेट्नुपर्छ । रेमिटेन्स बढ्यो भनेर खुशी हुनुभन्दा पनि देशबाट बाहिरिने युवा जनशक्तिलाई रोकी स्वदेशमै रोजगारीको वातावरण सृजना गर्नेतर्फ बजेटले नीतिगत व्यवस्था गर्नुपर्छ । भोक, रोग र शोकसँग संघर्ष गर्न नसकेर अभाव र निराशामा रुमलिएका वर्गलाई बजेटले समेट्न सके मात्रै अहिले देखिएको आर्थिक मन्दी र अन्योलता हट्न सक्छ ।

माङ्हिम उद्घाटनको १७ महिनापछि पूजाअर्चना शुरू

अमित खम्बू

अर्जुनधारा, जेठ २। माङ्हिम (मन्दिर) उद्घाटनको १७ महिनापछि झापाको अर्जुनधारा-११स्थित किरातेश्वर हाङसाम थेवा युमा माङहिममा पूजा अर्चना शुरु भएको छ ।

२०७८ साल मंसीर २६ गते किरात धर्मगुरु आत्मानन्द लिङ्देन र गुरुआमा पवित्रा हाङ्मा लिङ्देनबाट संयुक्तरुपमा उद्घाटन भएको उक्त माङ्हिममा पूजारी अभावमा पूजा अर्चनाको कार्य स्थगित भएको थियो ।

पूजारीको व्यस्थापनसँगै यही उभौली पर्वको अवसरबाट माङ्हिममा पूजा अर्चनाको कार्य शुरु भएको किरात धर्म साहित्य उत्थान संघ अर्जुनधाराका सचिव एवम् महागुरु फाल्गुनन्द लिङ्देन स्मृति प्रतिष्ठानका सदस्य मोहन सुब्बाले जानकारी दिए । हालको अवस्थामा प्रत्येक हप्ताको मंगलबार र शनिबारलाई पूजाअर्चनाको दिन तोकेका छौं भने आगामी दिनमा नियमित गर्ने हाम्रो लक्ष्य रहेको छ- उनले प्रष्ट पारे ।

त्यसैगरी धार्मिक पर्यटकीय क्षेत्रको रुपमा विकास गर्ने उद्देश्यले स्थापना भएको माङ्हिममा नियमित पूजा अर्चनासँगै अन्य कार्यको लागि अक्षयकोष स्थापना गर्न आफूहरु जुटेको वडाध्यक्ष एवम् प्रतिष्ठानका कोषाध्यक्ष खगेन्द्र इङनामले बताए । प्रतिष्ठानकोतर्फबाट हाल फिपराज कुरुम्वाङलाई पूजारीको जिम्मेवारी तोकिएको छ ।

यसैबीच मंगलबार एक कार्यक्रमको आयोजना गरि माङ्हिममा पूजा अर्चनाको कार्य सम्पन्न गरिएको

थियो । पूजारी कुरुम्वाङले माङ्हिम परिसरमा रहेको किरात धर्मका प्रवर्द्धक एवम् १६औं राष्ट्रिय विभूति महागुरु फाल्गुनन्द लिङ्देनको पूर्ण कदको शालिकमा र माङहिममा पूजा अर्चना गरेका थिए ।

किरात याक्थुम चुम्लुङ अर्जुनधाराका अध्यक्ष तिलसिंह माङमू लिम्बूले माङहिममा हुने पूजाअर्चनाको कार्यमा सहभागी भइदिन हुन सबैलाई आव्हान् गरेका छन् । कार्यक्रममा चुम्लुङका पूर्व उपाध्यक्ष सन्तोष नेम्वाङ, प्रतिष्ठानका अध्यक्ष शेरबहादुर इङ्नाम लगायतको सहभागिता रहेको थियो ।

युवा पिँढीहरु केलाङ नृत्य सिक्न उत्साहित

युद्धबहादुर बोहोरा

पाँचथर, जेठ २। पछिल्लो समयमा फाल्गुनन्द गाउँपालिकाका युवा पिँढीहरु केलाङ प्रशिक्षण प्रति आकर्षित बन्न थालेका छन् । उनीहरु केलाङ नृत्यमा उत्साहित बनेसँगै गतवर्षदेखि प्रशिक्षण थालिएको हो ।

गतवर्ष फाक्तेप युथक्लबको आयोजनामा प्रशिक्षण गरिएको थियो भने यसवर्ष नामसामी केसामी केलाङ संस्थामार्फत आठ दिन अगाडिदेखि शुरु गरिएको केलाङ प्रशिक्षण समापन भएको छ । फाल्गुनन्द गाउँपालिकाको आर्थिक सहयोगमा सञ्चालित उक्त प्रशिक्षणमा सातै वटा वडाका सहभागीसहित ६० जनालाई प्रशिक्षण दिइएको संस्थाकी सचिव टीका चेम्जोङले जानकारी दिइन् ।

श्रोतसाधन र प्रविधिको अभावमा पहिलेका बुढापाकाले जानेको कुरा नयाँ पुस्तालाई सिकाउँन निक्कै कठिन हुन्थ्यो र पछिल्ला पिँढीहरु अलमल्ल परेको थिए । तर, आजभोलि भने नयाँ प्रविधिले गर्दा सिक्न र सिकाउँन सहज भएको बताउँछन्- नामसामी केसामी केलाङ संस्थाका अध्यक्ष तथा प्रशिक्षक यामप्रसाद नेम्वाङ । आफ्नो संस्कार, संस्कृति, लिपि भाषा र धर्मलाई जीवन्त राख्नु पर्छ भन्ने मान्यतालाई शिरोधार्य गर्दै युवा पिंडीहरुमा जोशजाँगर पलाएको सहभागीहरु बताउँछन् । सिकेका हरेक कलालाई आवश्यक्ता अनुसार प्रस्तुत गर्न सक्ने क्षमता विकास भएकोले प्रशिक्षण उपलब्धीमूलक बनेको उनीहरुको भनाइ छ ।

समापन कार्यक्रमका प्रमुख अतिथि पालिका अध्यक्ष बृजहाङ आङ्देम्बेले विदेशीहरुको संस्कारले आक्रमण गरिरहेको बेला हरेक जातिले आफ्नो पहिचान बिर्सिरहेको हुँदा सबै सचेत रहन आग्रह गरे । मौलिकतालाई चासो नदिँदा लोप हुँदै गएको कला सँस्कृति सबै जातजातिले संरक्षण सम्वर्द्धन गर्न उत्साह जागोस् भन्ने उद्देश्यका साथ पालिकाबाट समावेशी बजेट विनियोजन गर्दै आएको प्रमुख अतिथि आङ्देम्बे तथा विशेष अतिथि उपाध्यक्ष ठाकुरसिंह नेम्वाङले जानकारी गराए ।

सहभागीहरुलाई अतिथिले प्रमाण-पत्र हस्तान्तरण गरेका थिए । घुर्बिसे पञ्चमीमा आयोजित प्रशिक्षण समापनमा ४ र ५ नम्बर वडाका अध्यक्ष दलबहादुर नेम्वाङ र विष्णु कुमार चेम्जोङ, पार्टी प्रतिनिधि लगायतले शुभकामना मन्तव्य राखेका थिए ।

'किसानलाई समयमै मल देऊ'

बिर्तामोड, जेठ २। नेपाली कांग्रेस झापाले किसानहरुलाई समयमै मल र उन्नत जातको बीऊ-विजन उपलब्ध गराउन सरकारको ध्यानाकर्षण गराएको छ ।

नेपाली कांग्रेस झापाका सभापति देउकुमार थेबेको सभापतित्वमा सम्पन्न बैठकले समयमै रासायनिक मल र बीऊ-बिजन नपाउँदा उत्पादनमा ह्रास आउने र यसले राज्यको कुल गार्हस्थ उत्पादनमै असर पुऱ्याउने भन्दै समयमै मल-बीऊ उपलब्ध गराउन ध्यानाकर्षण गराएको हो ।

बैठकले विस्तारित जिल्ला समितिका सदस्य सदस्यहरुलाई वडा तहमा जिम्मेवारी दिई प्रतिनिधिका रुपमा खटाउने निर्णय गरेको जिल्ला सचिव कृष्ण हुमागाँईले जानकारी दिए ।

ताप्लेजुङ-पाथीभरा सफल यात्रा

बिर्तामोडबाट फिदिम, ताप्लेजुङ हुँदै पाथीभरा मन्दिरसम्म साथै थेचम्बू, मेमेडसम्मको सफल यात्राका लागि हामीलाई सम्झनुहोस् ।

ताप्लेजुङ पाथीभरा काउन्टर
मो. ९८०३२५०४७२, ९८०१३६४०९३

हाडजोर्नी तथा नसाका समस्याहरूको सफल उपचार

पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार ।

जाँच तथा उपचार हुने समस्याहरु
- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ ।
- प्लाराइसीस भएका तथा हिंड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ ।

स्पार्क पूर्वाञ्चल अस्पताल, कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३-५३०१२३, ९८०३१५४६१९)

विशेष उपचार अब बिर्ता आयुर्वेदमा

ढाड, कम्मर, गर्दन, प्यारालाइसिस, पायल्स, फिस्टुला, ग्यास्ट्रिक, पिनास, कोलेस्ट्रोल, पत्थरी, जन्डिस लगायत सम्पूर्ण रोगको उपचार ।

सम्पर्क
बिर्ता आर्युवेद एण्ड फिजियोथेरापी सेन्टर
बिर्तामोड, राजगढ स्टेण्ड दक्षिण
फोन: ०२३-५३२३६६, ५९०१६६
मोबाइल : ९८०६०००३१३

इ-साइकल र स्कुटी

ब्याट्रीबाट चल्ने स्कुटी र साइकल

100 KM Mileg- Rs. 10

विशेष छुटमा Rs. 65,000/-
विशेष छुटमा Rs. 1,50,000/-

जिटेक तराजु & ई-साइकल पसल
पुरानो भद्रपुर रोड, बिर्तामोड
9817949745, 9802742456

सिद्धकाली मोटरसाइकल ग्यारेज

दमक-८, सेतुमारी रोड, झापा
प्रो. सागर अधिकारी खत्री
सम्पर्क: ९८०६०१४४४६/ ९८४४६०२२३२

नोट: यहाँ सबै प्रकारका मोटरसाइकल दक्ष मेकानिकद्वारा मर्मत गरिन्छ । साथै ब्रासड पान गरिन्छ र स्पेयर पाट्सहरु उचित मूल्यमा पाइन्छ ।

सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला ।

झापा सेफ्टी ट्यांकी तथा ढल सफाई

बिर्तामोड सम्पर्क
राजुकुमार श्रेष्ठ
९८५२६४६००५
९८०६०१०४१०
९८४२६३४६२७
०२३-५४६००५

दमक सम्पर्क:
देवी सिटौला
९८२४९७९१८५,
९८४२७६०२६५,
९८४२३३२४३०

झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ ।

THAKUR POLYCLINIC

यहि जेष्ठ ६ गते, शनिबारका दिन बिहान ८:०० देखि २:०० बजे सम्म

सहिद गङ्गालाल राष्ट्रिय हृदय केन्द्र काठमाण्डौंका वरिष्ठ मुटुरोग विशेषज्ञ सेवा

अब बिर्तामोडमा

डा. रविन्द्र सिमखडा
MD (Internal Medicine) /DM (Cardiology)

के तपाईलाई तलका मध्ये समस्या भएको छ?

- रक्तचाप बढ्ने
- मुटुको ढुकढुकी बढ्ने
- श्वास फुल्ने
- ऊकालो चढ्न नसक्ने
- बाथ
- मुटुको चालमा गडबड
- मुटुको बाथ
- छाति दुख्ने
- राति निद्रा नलाग्ने
- मधुमेह
- थाईराईड

अग्रिम बुकिङका लागि सम्पर्क न.

THAKUR POLYCLINIC
Birtamode-1, Jhapa, Nepal
(Opposite of Paschim Bus Stand)
(+977)023-590008
(+977)9817964771

HBL हिमालयन बैंक लिमिटेड Himalayan Bank Ltd.

बिर्तामोड शाखाका तपसिलमा उल्लेखित

ऋणीलाई ऋण कर्जा चुक्ता गर्ने ३५ दिने सूचना

यस बैंकका तपसिलमा उल्लेखित ऋणीले बैंकबाट लिएको विभिन्न शिर्षक अन्तर्गत लिएको कर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउन पर्ने सांवा, व्याज आदि नतिरी नबुझाई ऋणकर्जा सम्बन्धी शर्त बन्देज उल्लंघन गर्नुभएको तथा पटक पटक लिखित एवं मौखिक तरताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान गर्नु नभएकोले यो सूचना प्रकाशित गरिएको छ । सूचना प्रकाशित भएको मितिले ३५ (पैतीस) दिनभित्र धनी बैंकमा सम्पर्क राखी लिएको ऋण कर्जाको सम्पूर्ण सांवा, व्याज, अन्य दस्तुर आदि चुक्ता भुक्तान गर्नु होला अन्यथा ऐन कानून तथा ऋणी र बैंक बीच भएको लिखत अनुसार कारवाही गरी बैंकको लेना असुल उपर गरिने छ ।

तपसिल

ऋणीको नाम	सुरक्षणको विवरण
नेपाल सरकार उद्योग, वाणिज्य तथा आपूर्ती मन्त्रालय कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता नं. १९६४९७/०७५/०७६ कायम भई मिति २०७५/०५/०३ मा दर्ता भएको **एम. के. मेशिनरी एण्ड हार्डवेयर सप्लायर्स प्रा. लि. ।** सञ्चालक **मातृका कोइराला** व्यक्तिगत जमानी दिने **मातृका कोइराला** **राधा देवी कोइराला** **संगिता शर्मा**	१. पुण्य प्रसाद कोइरालाको नाति नेत्र प्रसाद कोइरालाको छोरा, साविक मोरङ जिल्ला, विराटनगर उपमहानगरपालिका वडा नं. २ हाल परिवर्तित कोशी प्रदेश, मोरङ जिल्ला, विराटनगर महानगरपालिका वडा नं. २ बस्ने मातृका कोइरालाको नाममा दर्ता कायम रहेको साविक प्रदेश १ जिल्ला झापा चारपाने वार्ड नं. १ हाल परिवर्तित कोशी प्रदेश, झापा जिल्ला, बिर्तामोड न.पा. वडा नं. १ स्थित कि. नं. ८९६ र ७५०७ को क्रमश क्षेत्रफल ०-१६-१५-०, ०-०-१७-० (विघा) भएको जग्गा समेत । २. चन्द्र प्रसाद खतिवडाको नातिनी, रत्न प्रसाद उपाध्यायकी छोरी, नेत्र प्रसाद कोइरालाकी पत्नी, साविक मोरङ जिल्ला, विराटनगर उपमहानगरपालिका वडा नं. ३ हाल परिवर्तित कोशी प्रदेश, मोरङ जिल्ला, विराटनगर महानगरपालिका वडा नं. १ बस्ने राधा देवी कोइरालाको नाममा साविक प्रदेश १ झापा जिल्ला चारपाने वडा नं. १ हाल बिर्तामोड नगरपालिका वडा नं. १ स्थित कित्ता नं. ७९५, १०२९, १०३०, ८९८, ९०६ को क्रमश क्षेत्रफल १-३-५-०, १-३-०-०, ०-१-१५-०, ०-०-१६-०, ०-२-१०-०, (विघा) भएको जग्गा समेत ।

रोङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पहरीगाउँ, इलाम

औषधि तथा सर्जिकल सामान खरिद सम्बन्धी सिलबन्दी दरभाउ-पत्र आव्हानको सूचना

प्रथमपटक प्रकाशित मितिः २०८०।०२।०२
ठेक्का नं. RRM/ILAM/SQ/GOODS/079/080-04

यस रोङ गाउँपालिकाको कार्यालय अन्तर्गतका स्वास्थ्य संस्थाहरुलाई चालू आ.ब. २०७९/०८० का लागि आवश्यक आधारभूत तथा आकस्मिक सेवाको लागि औषधि र स्वास्थ्य सुरक्षा सामग्रीहरु सिलबन्दी दरभाउ-पत्रबाट खरिद गर्नु पर्ने भएकोले नेपाल सरकारबाट इजाजत प्राप्त इच्छुक फर्म/कम्पनी तथा आपूर्तिकर्ताहरुबाट निम्न शर्तहरुको अधिनमा रही सिलबन्दी दरभाउपत्र पेश गर्न यो सूचना प्रकाशित गरिएको छ ।

शर्तहरुः

१. सिलबन्दी दरभाउ पत्र पेश गर्ने व्यवसायीहरु तथा आपुर्ति कर्ताहरुले चालू आ.ब.को लागि नवीकरण भएको व्यवसाय दर्ता प्रमाण-पत्र, आ.ब. २०७८/०७९ सम्मको कर चुक्ता प्रमाण-पत्र तथा मु.अ. करमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि औषधि व्यवस्था विभागबाट प्राप्त इजाजत पत्रको प्रमाणित प्रतिलिपि अनिवार्य संलग्न राखी सिलबन्दी दरभाउ पत्र पेशगर्नुपर्नेछ ।

२. सिलबन्दीदरभाउ पत्र सम्बन्धी अन्य जानकारीको लागि रोङ गाउँपालिकाको कार्यालय इलामको सम्पर्क नं. ९८५२६४२०२०,E-mail: www.rongmun.gov.np साथै PPMO website www.bolpatra.gov.np मा हेर्न सकिने छ ।

३. सिलबन्दीदर भाउपत्र पेश गर्ने व्यवसायीहरुले दरभाउपत्र पेश गर्दा PPMO's e-GP system www.bolpatra.gov.np/egp मार्फत सिलबन्दी दरभाउ पेश गर्नु पर्ने छ ।

४. **दरभाउपत्र फाराम खरिद दस्तुरको बैंक दाखिला सम्बन्धी जानकारीः**
- बैंकको नाम र ठेगानाः नेपाल इन्भेस्टमेन्ट मेगा बैंक लिमिटेड रोङ शाखा कार्यालय, इलाम ।
- कार्यालयको नामः रोङ गाउँपालिका इलाम ।
- खाता नं. १०७००१००२३१२८ (आन्तरीक राजश्व खाता)

५. सिलबन्दी दरभाउपत्र खरिद गर्ने अन्तिम मितिः २०८०/०२/१६ गते कार्यालय समयसम्म ।

६. सिलबन्दी दरभाउ पत्र पेश गर्दा PPMO's e-GP system www.bolpatra.gov.np/egpमार्फत मितिः २०८०/०२/१७ गते दिनको १२ बजेसम्ममा दर्ता गराइसक्नुपर्नेछ ।

७. दर्ता हुन आएका सिलबन्दी दरभाउ पत्र मिति २०८०/०२/१७गते दिनको १ बजे दरभाउ पत्रदाता स्वयम् वा निजको प्रतिनिधि र कार्यालयको प्रतिनिधिहरुको रोहवरमा यस कार्यालयमा खोलिनेछ । दरभाउपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएपनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।

८. दरभाउ पत्रको मान्य अवधि दरभाउ पत्र पेश गर्ने अन्तिम मितिबाट ४५ दिनको हुनेछ ।

९. दरभाउ पत्रदाताले जमानत बापतको रकम नगदै जम्मा गर्नुपर्ने भएमा रोङ गाउँपालिकाको कार्यालय ईलामको ने. ई. मे. बै. लि. शाखा कार्यालय इलामस्थित धरौटी खाता नं. १०७००१००१११५५२मा धरौटी रकम जम्मा गरेको भौचर वा मान्यता प्राप्त वाणिज्य बैंकले यस कार्यालयको नाममा जारी गरेको कम्तिमा ७५ दिनको (दरभाउ पत्र पेश गर्ने अन्तिम मितिबाट) मान्य अवधि भएको बैंक जमानत पत्र पेश गर्नु पर्नेछ ।

१०. पेश भएका दरभाउ पत्र आंशिक, आइटम वाइज वा पूर्ण रुपमा स्वीकृत गर्ने वा रद्द गर्ने अधिकार यस कार्यालयमा निहीत रहने छ ।

११. खरिद गरिने औषधिको प्रयोग गर्ने अवधि यस कार्यालयको स्टोरमा दाखिला हुँदा कम्तीमा १८ महिना बाँकी रहको हुनुपर्ने छ । र १८ महिना एक्सपाइरी म्याद हुनेको हकमा कम्तीमा ७५% बाँकी रहेको हुनुपर्ने छ ।

१२. दरभाउ पत्रदाताले आफूले दिन चाहेको औषधिको उत्पादन कम्पनी र उत्पादन भएको मुलुकको नाम प्रष्टसँग उल्लेख गर्नुपर्ने छ ।

१३. दरभाउ पत्रदाताले सप्लाई गर्ने औषधि WHO-GMP Certified कम्पनीको हुनुपर्ने छ ।

१४. दरभाउ पत्रमा उल्लेखित सामग्रीको परिमाण कार्यालयले आवश्यकता अनुसार थप घट गर्न सक्ने छ, थपघट भएता पनि दरभाउ-पत्र दाताले कबोल गरेको दररेटमा परिवर्तन गर्न पाउने छैन ।

१५. दरभाउपत्र दाताले सप्लाई गर्ने प्रत्येक औषधिहरु औषधि व्यवस्था विभागमा दर्ता भएको हुनुपर्नेछ । औषधि प्याकिङ (स्ट्रीप, बोत्तल) बाहिर औषधिको जेनेरिक नाम, शक्ति, उत्पादन मिति, एक्सपाइरी मिति, ब्याच नं., उत्पादक कम्पनीको नाम र **'नेपाल सरकारबाट निःशुल्क वितरणको लागि' वा 'यो औषधि बिक्रीका लागि होइन'** भनी प्याकिङमा स्पष्टसँग उल्लेख भएको हुनुपर्नेछ । सो नलेखिएका औषधिहरु कार्यालयले लिने छैन ।

१६. सप्लाई हुने सबै झोल तथा पाउडर औषधिहरु प्लाष्टिक बोत्तलमा प्याकिङ भएको हुनुपर्ने छ ।

१७. दरभाउ पत्र पेश गर्दा औषधि तथा सर्जिकल सामानहरुको Price Schedule अनिवार्य पेश गर्नुपर्ने छ, साथै उक्त Price Schedule र e-Bid मा पेश भएको द्यइत्त को भ्याट बाहेकको रकमको आधारमा मूल्यांकन हुनेछ ।

१८. दरभाउ पत्र साथ पेश गर्ने कागजातको प्रतिलिपिहरु प्रचलित कानुन अनुसार प्रमाणित भएको हुनुपर्ने छ, साथै अपलोड गर्ने कागजातहरु PDF format मा हुनुपर्नेछ ।

१९. यसमा उल्लेख हुन छुट भएका अन्य कुराको हकमा सार्वजनिक खरिद ऐन -२०६३, सार्वजनिक खरिद नियमावली- २०६४ तथा प्रचलित कानून बमोजिम हुनेछ ।

ठेक्का सम्बन्धी विवरण

क्र.सं.	ठेक्का नं.	कामको विवरण	ल.ई.रकम (मु.अ. कर बाहेकको) रु.	ठेक्का जमानत रकम रु.	दरभाउ-पत्र फाराम दस्तुर रु.	कैफियत
१	RRM/ILAM/ SQ/ GOODS/079/080-04	औषधि तथा सर्जिकल सामग्री खरिद	९,९८,०७८	२५,०००।-	१,०००।-	

प्रमुख प्रशासकीय अधिकृत, रोङ गाउँपालिकाको कार्यालय, इलाम

ज्यो. पं. खेमप्रसाद पौडेल
फोन सम्पर्क ९८५११५४६९९

मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -
क्रोधलाई नियन्त्रणमा राख्नुहोला, बोलिको प्रभावले बन्ने लागेको काम पनि बिग्रन सक्छ, इष्टमित्रले साथ दिनेछन् ।

बृष (इ, उ, ए, ओ, ब ा, बि, बु, बे, बो) -
आजको दिन समयले साथ दिएको छैन, नचिताएको ठाउँमा धन खर्च गर्नुपर्दा मन खिन्न भएर जानेछ, परिवारजन बिमुख हुनेछन् ।

मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -
रचनात्मक काम शुरू गर्ने समय आएको छ, पहिले गरिएको कामको हौसलाले धप उर्जा मिल्नेछ, स्वास्थ्यले राम्रो साथ दिने समय रहेको छ ।

कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -
अनावश्यक खर्च गर्नुपर्दा मन अशान्त रहन्छ, अवसरका निम्ति निक्कै दौडधुप गर्नुपर्छ, पेट सम्बन्धी समस्याले सताउन सक्छ ।

सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -
समय मिश्रित फलदायी छ, टाउको तथा आँखा सम्बन्धी समस्याले सताउन सक्छ, सन्तान पक्षबाट सहयोग प्राप्त हुनेछ ।

कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -
यथेष्ट धन लाभको योग छ, बोली तथा वाणीको प्रभावमा वृद्धि हुनेछ, मिष्ठान्न भोजनको योग छ, मन प्रफुल्ल रहला ।

तुला (र, रि, रू, रे, रो, ता, ति, तु, ते) -
यथेष्ट धन लाभको योग छ, बोली तथा वाणीको प्रभावमा वृद्धि हुनेछ, मिष्ठान्न भोजनको योग छ, मन प्रफुल्ल रहला ।

बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -
आजको दिन अत्यन्तै बलवान छ, मान-सम्मानमा वृद्धि हुनेछ, सुखद् खबर सुनिने छ । व्यापार-व्यवसायमा सन्तोषजनक नतिजा प्राप्त हुनेछ ।

धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -
धार्मिक कार्यमा सहभागी हुने दिन रहेको छ, बोल्दा विचार पुऱ्याउनुहोला, घुँडा तथा ढाडमा समस्या हुन सक्छ ।

मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -
व्यापार-व्यवसायमा फाइदाजनक योग रहेको छ, अन्यत्र बाटोबाट पनि धन लाभ होला, उत्तम भोजन प्राप्त हुन सक्नेछ, मन प्रशन्न रहला ।

कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -
कार्यसिद्धी हुने दिन छ, मान-सम्मानमा वृद्धि हुने, स्वास्थ्यले, भाग्यले साथ दिनेछ, थोरै पारिवारिक झमेला व्यहोर्नुपर्ने हुन सक्छ ।

मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -
मन अशान्त रहन सक्छ, पारिवारिक कारणले मनमा चिन्ता बढ्नेछ, व्यर्थको यात्रा गर्नुपर्नेछ, खर्चिलो योग रहेको छ ।